लेखापरीक्षण प्रतिवेदन

सिरानचोक गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सिरानचोक गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/302

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
सिरानचोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा।

कैफियतसहितको राय

हामीले सिरानचोक गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१८ करोड २६ लाख ७२ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १५ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु.६ करोड ४५ लाख ७४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१३ लाख ६० हजार, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु.८ लाख ९० हजार, पूर्वाधार विकास कार्यालयको रु.२८ लाख, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको रु.८० हजार र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रु.४० लाख ९८ हजार समेत रु.२५ करोड ६८ लाख ८९ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब ७३ करोड ८१ लाख २२ हजारको लेखापरीक्षण गरिएकोमा रु.२ करोड ५१ लाख ७ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोमा बाँकी बेरुजु रु.२ करोड ५१ लाख ७ हजारमध्ये असुल गर्नुपर्ने रु.२३ लाख ३९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.४९ लाख ८० हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७७ लाख ८८ हजार रहेको छ। गत वर्षसम्म रु.६ करोड ९२ लाख ४१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड ४१ लाख ९८ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत

वित्तीय विवरण तयार गर्ने गण्डकी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४९	८७	२५१०७७०१	०	०	०	०	४९	८७	२५१०७७०१	२३३८८४७	१७७८८०९७	४९८०७५७	०	०	२२७६८८५४	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
गोरखा	६९२४१०००	०	१४९८५६	६९०९११४४	०	२५१०७७०१	९४१९८८४५

बेरुजु सम्परीक्षणको विवरण

,

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९/८०	५३	स्थानीय भत्ता	९१८५६.०
२	२०७९/८०	५८	बील भरपाई	५८०००.०

(८०४३६५०८३०० - सिरानचोक गाउँपालिका, गोरखा)

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल १२१.५९ वर्ग किलोमिटर तथा १९ हजार ७१९ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।७ देखि २०८१ ।८।१२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार, आय-व्ययको गरी जम्मा रु.१,७३,८१,२२,०००।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ११२७७२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	सामाजिक सुरक्षा	९४०७२
२	बैठक भत्ता	१८७००

झ) एकीकृत आय-व्ययः पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको जिम्मेवारी		**गाउँपालिका खर्च**	
सञ्चित कोष	२२१३२१५५५.१५	क) गाउँपालिका चालु खर्च	१६२६१६३८७.५६
धरौटी बैङ्क मौज्दात	८७२६३७७.००	ख) गाउँपालिका पुँजीगत खर्च	१६६९४०१५०.००
प्रकोप व्यवस्थापन कोष बैङ्क मौज्दात	४८८६८६१.००	**संघीयसरकारबाट प्राप्त अनुदान**	
विविध कोष खाता बैङ्क मौज्दात	७९०१७.१५	क) सशर्त अनुदान चालु	२६४१२०३६६.१०
लैङ्गिक हिँसा निवारण कोष बैङ्क मौज्दात	१०००००.००	ख) सशर्त अनुदान पुँजीगत	४४०२७१४.००
आन्तरिक राजस्व तर्फ	७०३३७०४.८३	ग) समपूरक अनुदान पुँजीगत	७०७७९००.००
राजस्व बाँडफाँटतर्फ		घ) विशेष अनुदान चालु	९९२६९८८.००
क) राजस्वबाँडफाँट (संघ)	७५०६५९३८.७८	**संघीय सरकारबाट प्राप्त अनुदान फिर्ता**	३५३६९६५७.००
ख) राजस्वबाँडफाँट (प्रदेश)	६५९९८०१.००	**प्रदेश सरकारबाट प्राप्त अनुदान**	
संघीयसरकारबाट प्राप्त अनुदान		क) सशर्त अनुदान	२११२०००.००
क) वित्तीय समानीकरण अनुदान	१२२०१६०००.००	ख) समपूरकअनुदान	५१७१७७०.००
ख) सशर्त अनुदान चालु	२९७३२६९००.००		
ग) सशर्त अनुदान पुँजीगत	६४३५०००.००	**अन्तरसरकारी अख्तियारी (संघ)**	
घ) समपूरक अनुदान पुँजीगत	७०७७९००.००	क) सामाजिक सुरक्षा	१८२६७१६६५.००
ङ) विशेष अनुदान चालु	१००५७८२५.००	ख) गरिबसँग विश्वेश्वर कार्यक्रम	४१४८४०.००
प्रदेश सरकारबाट प्राप्त अनुदान		ग) एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	६४५७३७४८.००
क) वित्तीयसमानीकरण अनुदान	१४०७३०००.००	घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१३६००००.००
ख) सशर्त अनुदान	२११२०००.००	ङ) राष्ट्रपति महिला सशक्तिकरण परियोजना	८९००००.००
ग) समपूरक अनुदान	५१७१७७०.००	**अन्तरसरकारी अख्तियारी (प्रदेश)**	-
अन्तरसरकारी अख्तियारी (संघ)		क) पूर्वाधार विकास कार्यालय	२८०००००.००
क) सामाजिकसुरक्षा	१८२६७१६६५.००	ख) उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय	८०१००.००
ख) गरीबसँग विश्वेश्वर कार्यक्रम	४१४८४०.००	ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	४०९८३७२.००
ग) एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	६४५७३७४८.००	धरौटी खर्च	६९२८८५६.००
घ) स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम	१३६००००.००	विविध कोष खाता	७९०१७.१५
ङ) राष्ट्रपति महिला सशक्तिकरण परियोजना	८९००००.००	**बैङ्क मौज्दात**	
अन्तरसरकारी अख्तियारी (प्रदेश)		सञ्चित कोष	११६५५३४६२.२०
क) पूर्वाधार विकास कार्यालय	२८०००००.००	धरौटी बैङ्क मौज्दात	८४२४३४४.००
ख) उर्जाजलस्रोत तथा खानेपानी मन्त्रालय	८०१००.००	प्रकोप व्यवस्थापन कोष बैङ्क मौज्दात	४८८६८६१.००
ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	४०९८३७२.००	लैङ्गिक हिँसा निवारण कोष बैङ्क मौज्दात	१०००००.००
धरौटी आय	६६२६८२३.००		
जम्मा	**१०५१५९९१९७.९१**	**जम्मा**	**१०५१५९९१९७.९१**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

• स्थानीय तहले सञ्चित कोषमा गत विगतको साविक पालिका र गा.वि.स. हरूबाट सरी आएको सम्पत्ती र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा.नं. २७० ले साविकको उक्त कारोबार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• कार्यालयले आ.व. २०८०।८१ को लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानीय सञ्चित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाइ विश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन । यस स्थानीय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउँदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ विश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले संघीय तथा प्रादेशिक सरकारबाट हस्तान्तरित सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम समेत, संघीय र प्रादेशिक पुर्वाधार विकास कार्यक्रम लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चको लेखाकंन सुत्रमा राखी प्रतिवेदन २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नुपर्दछ ।

• वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्नानुसार बजेट तथा कार्यक्रमको रू.२५,६९,६८,७२५।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सि.नं.	बजेट उपशीर्षक	बजेट	निकासा रकम
१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४११७०००	४०९८३७२
२	पूर्वाधार विकास कार्यालयहरू	३००००००	२८०००००
३	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	१५००००	८०१००
४	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१८५९४७५१२	१८२६७१६६५
५	राष्ट्रपति महिला सशक्तिकरण परियोजना	४९५०००	४९४८४०
६	सामाजिक सुरक्षा तथा संरक्षण	८९००००	८९००००
७	गरिबसँग विश्वेश्वर कार्यक्रम	१४१००००	१३६००००
८	एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	६४८९८०००	६४५७३७४८
	जम्मा	२८७९०७५१२	२५६९६८७२५

•एकीकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालु र पुँजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुबाट गर्नुपर्नेमा पुँजीगत शीर्षक र पुँजीगत शीर्षकबाट गर्नुपर्नेमा चालु शीर्षकबाट खर्च भएकोले उक्त व्याख्या अनुसार बजेट तयार तथा कार्यान्वियन भएको छैन । अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । पालिकाले समिति गठन गरेको जनाएको छ । समितिलाई थप प्रभावकारी बनाउनु पर्दछ।
त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

३ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	५४५८०२६०.००	३४००९८००.००	५.४६
२	सामाजिक विकास	३६९२३६६२०.००	३१५१०६१४८.१०	५०.६३
३	पूर्वाधार विकास	२४४०५२७००.००	१३९१६०००७.००	२२.३६
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१६१६५०००.००	१२५७३४३२.००	२.०२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१४६५८६०७५.१५	१२१५१८८८८.५६	१९.५३
	कुल जम्मा	८३०६२०६५५.१५	६२२३६८२७५.६६	१००.००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्येसामाजिक विकासमा सबैभन्दा बढी ५०.६३ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा सबैभन्दा घटी २.०२ प्रतिशत रहेको छ ।

४ खर्च विश्लेषण

यस पालिकाले अघिल्लो आ.व.२०७९।०८० बाट प्राप्त अ.ल्या. मौज्दात रु.२३,५१,१३,८१०।३० यस वर्ष कुल आन्तरिक आय रू.७०,३३,७०४।८३ र राजस्व बाँडफाँडबाट रु.८,१६,६५,७३९।७८ तथा अनुदानबाट रु. ४६,४२,७०,३९५।- समेत रु.७८,८०,८३,६४९।९१ आम्दानी भएकोमा चालु तर्फ रु. ४३८७७५७४१।६६ र पुँजीगत तर्फ रु. १८३५९२५३४।- समेत रु. ६२,२३,६८,२७५।६६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१३ प्रतिशत रहेको छ । पालिकाले विकास निर्माण प्रयोजनमा न्युन र प्रशासनिक प्रयोजनमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । साथै आन्तरिक आय बढाउनका लागि सम्भाव्य उपाय अवलम्वन गर्नुपर्दछ ।

५ त्रैमासिक पूँजिगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

सि नं	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
			प्रथम त्रैमासिक	दोस्रो त्रैमामसिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना खर्च
१	पूँजिगत खर्चतर्फ	३८३६३३९३८	४०११४६८	३९०१७६९	५७८६४०३५	२६६१४२५२३	५१७१४१४३
	प्रतिशत	१००%	१.०५%	१.०२%	१५.०८%	६९.३७%	१३.४८%

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.३८,३६,३३,९३८।१० खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.४०,११,४६८।- (१.०५प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३९,०१,७६९।- (१.०२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५,७८,६४,०३५।-(१५.०८ प्रतिशत) रचौथो त्रैमासिकमा रु.२६,६१,४२,५२३।०६ (६९.३७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५,१७,१४,१४३।- (१३.४८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६ बजेट पेश, पारित र अख्तियारी

सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।३।१० मा रु.८३ करोड २१ लाख ६० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

७ योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरूप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहाय अनुसार छन्:

क्र. सं.	विवरण	योजनासंख्या	खर्च रकम
१	रु.१ लाखभन्दा कमको योजना	५३	३७०९९७४
२	रु एक लाखएक देखि पाँच लाख सम्मका योजना	१८२	४०८२१८७३
३	रु ५ लाखदेखि १० लाख सम्मका योजना	३९	३४४६६५६२५
४	दश लाखदेखि ५० लाख सम्मका योजना	१२	१४४३४८४०
	जम्मा	२८६	४०३६३२३१२

८ **योजना छनौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चाोलन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नुत पर्दछ ।

१० **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन¸ २०७४ को दफा ७८ बमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू यस प्रकार रहेका छन्:

बजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन¸ २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरूप कार्यान्वयन भएको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको जनाएतापनि सो अनुरूप कार्यान्वियन भएको देखिएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजना बैङ्क खडा गरेको देखिएन,

• दिगो विकास योजना २०१५-३० लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

खरिद व्यवस्थापनतर्फ

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको जनाएता पनि सो बमोजिम खरिदको कार्य गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,

• कार्यक्रमहरूको विस्तृत विवरण देखिने गरी कार्यक्रम अभिलेख खाता राखेको पाईएन,

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

भ्रमण खर्च व्यवस्थापनतर्फ

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,

• पालिकाका पदाधिकारीहरूको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको छैन,

• पालिकाका पदाधिकारीहरूले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको तर कार्यान्वियन नभएको ।

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरूको एकीकृत विवरण तयार नगरेको ।

विविधतर्फ

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरी कार्यालय सम्बन्धी काम मात्र उल्लेख गरेको छ,

• विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढिलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ,

• राजस्व सङ्कलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पूर्णरूपमा कार्यान्वयनमा आउन सकेको छैन,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक गरेको छैन । केही सामान विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवश्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै बाँध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चाललन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्ता गुनासा तथा सुझावहरू सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरूको लागी अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,

• सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको,

• अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको,

• पालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको,

• अधिकांश कार्यक्रम सञ्चालन पूर्व प्रस्ताव स्वीकृत नभएको र कार्यक्रम सम्पन्न प्रतिवेदन पेस नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११ सिफारिस

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस गाउँपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

विवरण	सिफारिस भएको संख्या
जन्म दर्ता	७०३
मृत्यु दर्ता	२९०
बसाईसराई भई आएको दर्ता	१६
बसाईसराई भई जानेको दर्ता	८५
विवाह दर्ता	३८३

१२ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फर्स्यौट विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ उजुरी रहेकोमा यस वर्ष विभिन्न विषयका १२ वटा विवाद दर्ता भएकोमा जम्मा १३ मध्ये १० वटा फर्स्यौट भई ३ वटा फछर्यौट हुन बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१३ पदाधिकारी सुविधा

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था गरेको छ । यस पालिकाले आर्थिक वर्ष २०८०।

८१ मा ४३ जना पदाधिकारीहरूलाई रु.९१,६५,७६८।- पदाधिकारी सुविधा र पदाधिकारीको अनुगमन तथा दैनिक भ्रमण तथा भत्तामा रू.६,७८,१७७।- खर्च लेखी भुक्तानी गरेको विवरण प्राप्त भएको छ । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरी भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।

१४ कर्मचारी दरवन्दी तथा करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । उपदफा ४ मा कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधीउपचार सम्बन्धित बिदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरवन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकालाई बिगत वर्षमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा ९३ जनाको दरवन्दी स्वीकृत गरेकोमा पालिकाको सभाले १७५ जनाको दरवन्दी स्वीकृत गरी सो मध्ये ६९ जना कर्मचारीहरू करारमा राखी रु.१,८८,७०,६२७।- भुक्तानी दिइ खर्च लेखेको विवरण प्राप्त भएको छ । कार्यालयले सँगठन व्यवस्थापन र सर्भेक्षण गरेर थप दरवन्दी स्वीकृत गरेको जनाएतापनि आन्तरिक श्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै सभाले दरवन्दी थप गर्नु र करारमा नियुक्ती गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको विभिन्न पदमा ३४ जना करार नियुक्ति गरी वर्षभरीमा रु.१,१०,३१,७३५।- भुक्तानी गरेको बिबरण प्राप्त भएको छ ।

१५ कार्य सञ्चालन तथा अन्य कोषः

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष प्रकोप व्यवस्थापन, विविधर लैङ्गिक हिंसा निवारण कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.५०,६५,८७८।- सारी मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

सि नं	कोषको नाम	कोष गठन भएको कानुन	शुरु मौज्दात	योवर्ष थप	योवर्षको खर्च	बाँकी मौज्दात
१	प्रकोप ब्यबस्थापन कोष	नभएको	४८८६८६१	नभएको	नभएको	४८८६८६१
२	विविध कोष	नभएको	७९०१७	नभएको	नभएको	७९०१७
३	लैँङ्गिक हिँङ्गसा निवारण कोष	भएको	१०००००			१०००००
			५०६५८७८		जम्मा	५०६५८७८

१६ औषधी खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष एक बिक्रेताबाट इ बोलपत्रको विधिबाट र ४ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट जनस्वास्थ्य सम्बन्धी औषधी, सर्जिकल सामान र उपकरण खरिदमा जम्मा रु. ३४५५४१४। भुक्तानी गरेको विवरण प्राप्त भएको छ। त्यसैगरी ५ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट भेटेनरी सम्बन्धी औषधी खरिदमा जम्मा रु. ३०३७५३५। भुक्तानी गरेको विवरण प्राप्त भएको छ। यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन्:

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित

विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरूको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

(क) औषधी खरिद टुक्राएको: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्री मुल्यमा सोझै खरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष जनस्वास्थ्यतर्फ औषधी तथा सर्जिकल सामान खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रूपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम एक बिक्रेताबाट इ बोलपत्रको विधिबाट लागत अनुमान भन्दा ५९.६८% (लागत अनुमानमै ३० प्रतिशत घटाएको समेत) घटीदरमा रु. ७४४५४९। र ४ बिक्रेताबाट खुला ३ दरभाउपत्रको माध्यमबाट लागत अनुमान भन्दा ०.०% घटीदरमा रु. २७१०८६५।रकमको जनस्वास्थ्य सम्बन्धी औषधी खरिद गरी जम्मा रु. ३४५५४१४। भुक्तानी गरेको छ। त्यसैगरी ४ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट लागत अनुमान भन्दा ०.०% घटीदरमा रु. ३०३७५३५। रकमको भेटेनरी सम्बन्धी औषधी खरिद गरेको छ। पालिकाले इबोलपत्रको माध्यमबाट गरेको औषधी खरिदमा ५९.६८% को घटी दरमा प्रस्ताव स्वीकृत भइ खरिद गरेको अवस्था देखिएकोमा सोझै दरभाउपत्रबाट गरेको खरिदमा शुन्य प्रतिशत घटी दरको प्रतिस्पर्धा भएबाट जनस्वास्थ्य तर्फ औषधी खरिदमा करिव रु.१६१७८४४।रकम र भेटेनरी तर्फको औषधी खरिदमा रु. १८१२८००। समेत जम्मा रु. ३४३०६४४। कार्यालयलाइ बढी व्ययभार पारेको देखियो । यसप्रकार टुक्रा गरेर खुला दरभाउपत्रबाट गरिएको खरिदमा बोलपत्रको तुलनामा बढी दायित्व पारेको सम्बन्धमा सम्बन्धितको ध्यान जानुपर्ने देखिन्छ ।

सि नं	खरिदको विवरण	खरिद विधि	आपूर्तिकर्ता फर्मको नाम	लागत अनुमान रकम	प्राप्त प्रस्ताव संख्या	प्रथम घटी प्रतिशत	सम्झौता रकम	भुक्तानी रकम
१	औषधी तथा सर्जिकल सामान	इ कोटेशन	CANDELA MEDI CONCERN	११९६५२८	४	६०	७४४५४९	७४४५४९
२	आकस्मिक औषधि समाग्रि	कोटेशन	नासा मेडिको सप्लायर्स	तयार नगरेको	३	०	९९२११०	९९२११०
३	सर्जिकल सामाग्रि खरिद	कोटेशन	पुरस्कार मेडिसेल्स	तयार नगरेको	३	०	७७६९६६	७७६९६६
४	औजार उपकरण खरिद	कोटेशन	आयान्स सर्जिमेन्ट प्रा लि	तयार नगरेको	३	०	८४९६६६	८४९६६६
५	औजार उपकरण खरिद	कोटेशन	मेडिहेल्थ सर्जिकल प्रा लि	तयार नगरेको	३	०	९२१२३	९२१२३
			जम्मा				३४५५४१४	३४५५४१४
	पशुसेवा तर्फ							
१	औषधि	कोटेशन	सहमति भेट फर्मा	तयार नगरेको	३	०	८९१५९४	८९१५९४
२	नि :शुल्क पशु स्वस्थ्य शिविर	कोटेशन	सहमति भेटफर्मा	५०७६५०	४	०	५०००८०	५०००८०
३	औषधि खरिद	कोटेशन	सहमति भेट फर्मा	२९७३१०	३	०	२९७२६०	२९७२६०
४	औषधि	कोटेशन	सयपत्रि भेट फर्मा	तयार नगरेको	३	०	४०२६४०	४०२६४०
५	ल्याप समाग्रि	सोझै	भेट नेपाल फर्मा प्रालि	तयार नगरेको	३	०	७५५१०६	७५५१०६
६	औषधि	कोटेशन	चित्रवन	तयार नगरेको	३	०	४०८५५	४०८५५
७	डिजिटल AI GUN	कोटेशन	टोटल टेक्नोलोजिज प्रालि	तयार नगरेको	४	०	१५००००	१५००००
			जम्मा				३०३७५३५	३०३७५३५

(ख) औषधीको सदुपयोगः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्बन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्बन्धमा प्रावधानहरू रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरी आएका, योवर्ष आफैले खरिद गरेका र संघीय तथा प्रदेश सरकारका सम्बन्धित विभिन्न निकायबाट विभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरूको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधी तथा सर्जिकल सामानहरू र उपकरणको कायम मान्य अवधि समेत देखिने गरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन । कार्यालयबाट प्राप्त विवरण अनुसार निम्नानुसार विभिन्न ठुलो परिमाणका औषधीहरू यो आ.व. २०८०।८१ को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो । जसमध्ये धेरैको मुल्य समेत नखुलेको व्यहोरा प्राप्त विवरणबाट देखियो । यसप्रकार औषधीहरू नोक्सानी हुनुमा तालुक सरकारका निकायहरूले घटी म्याद भएका औषधीहरू ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था सिर्जना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ । यसरी सर्वसाधरण जनताको सुविधालाई लक्षित गरी सरकारी रकमबाट खरिद गरिएका औषधीहरू कसको लापरवाहीबाट नोक्सानी हुन गएको हो यथार्थता यकिन गरी निजहरूबाट असुल हुनु पर्दछ ।

क्र.सं	औषधीको नाम	प्राप्तीको श्रोत	म्याद समाप्त	परिमाण	मुल्य दर
	जनस्वास्थ्य तर्फ				
1	Acetyl salicylic Acid 150mg (Aspirin) Tablet	नखुलेको	30-sep-2024	12	11.76
2	Atropine Sulphate (Atropine 0.6mg/1ml)10ml	नखुलेको	30-sep-2024	30	520.00
3	Aqua Tab	नखुलेको	31-sep-2024	800	3200
4	Silk Thread	नखुलेको	31-oct2024	10	67.78
	भेटेनरी तर्फ				
1	Warmar200mg 10box	स्थानिय सरकार	2024/04	10box	5000
2	Matemar525mg 7box	स्थानिय सरकार	2024/07	7box	5600
3	Fenbendazole1500mg11box	स्थानिय सरकार	2024/10	11box	12980
4	Fenbendazole150mg	स्थानिय सरकार	2024/03	15box	8700
5	Warmar600mg	स्थानिय सरकार	2024/03	12box	6960
6	Matemar225mg	स्थानिय सरकार	2024/05	9box	6120
7	Matemar1000mg	स्थानिय सरकार	2024/09	17box	13600
8	Rumen fs	स्थानिय सरकार	2024/05	3box	1620
9	Matemer1500mg	स्थानिय सरकार	2024/07	7box	8260
10	Tarpinta	स्थानिय सरकार	2024/02	8box	720
11	Warmar	स्थानिय सरकार	2024/10	5box	2900
	स्वास्थ्य संस्थातर्फ				
1	Gentamycin		Sep-23	13 vail	-
2	Albendazole		Sep-23	400 Tab	
3	Vitamin k injection		Sep-23	50 amp.	
4	Cotrmoxazole 480mg		Sep-23	250	
5	Charcoal activated power		Sep-23	1 sachet	
6	Salbutamol		Oct-23	23 tab	
7	Salbutamol MDI		Oct-23	23	
8	Atenolol 50 mg		Nov-23	1200 tab	
9	Emergency contraceptive pills		Nov-23	25 tab	
10	Zinc sulphate		Feb-24	1200 tab	
11	Enalpril 5mg		Feb-24	940 tab	
12	Glimipride 1 mg		Feb-24	510	
13	IUD cut 380		Mar-24	18	
14	Cefotaxim		Mar-24	40 vail	
15	OCP		Jul-24	39 CYCLE	
16	CHLORHEXIDINE GEL		May-24	16 PICS	

17	BENZOICACID		Feb-24	13 PICS	
18	CHLORINE POWDER		Oct-23	19 BOTT	
19	METFORMIN 500MG		May-24	300 TAB	
20	CAP AMOXYCILLIN500M		Feb-24	1200CAP	
21	FERROUS SULPHATE		Jan-24	5000TAB	
22	CAP DOXYCYCILNE		Feb-24	300CAP	
23	AMOXY 125 MG		Jan-24	200 TAB	
24	AMOXY 500MG		Mar-24	400 CAP	
25	CLOXACILLIN500 MG		May-24	500 TAB	
26	CEFIXIME 200MG		Feb-24	100 TAB	
27	IBUPROFEN 400 MG		Mar-24	400 TAB	
28	Ciprofloxacin 200mg/100ml		Aug-23	18	
29	infusion metronidazole 500mg/100		Aug-23	27	
30	Inj atropine 1mg/ml		Sep-23	40	
31	Inj mgso4		Jul-23	35	
32	Tab albendazole 400mg		Jan2-24	2000	
33	Tab ferrous sulphate		Jan-24	500	
34	Tab zinc sulphate		Nov-23	100	
35	Ing gentamycin 80mg/2		Jun-24	25	
36	Inj ceftraxone1gm		Jun-24	20	
37	Ivf dextrose 5		Mar-24	10	
38	HRZE		Jan-24	140	
39	Tab albendazole		Sep-23	600	
40	Tab albendazole		Feb-24	300	
41	Tab Ferrous sulphate		Jan-24	3000	
42	Chlorhexidine Gel		May-24	7	
43	Benzoic Acid		Feb-24	14	
44	Tab Fluconazole		Nov-23	18	
45	Pills		Jun-24	2	
46	Tab cefixime		Feb-24	80	
47	Inj dextrose 5 %		Jul-23	3	
48	chlorine powder		Oct-23	20	
49	Inj ciprofloxacin		Jul-23	3	
50	Tab Amoxicillin 125mg		Jan-24	465	
51	TabMetformin 500 mg		May-24	500	

१७ **जिन्सी दाखिला**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ कोपरिच्छेद १० मा सरकारी सम्पत्तीको जिम्मा, लगत र संरक्षण सम्बन्धी व्यवस्थाहरू रहेका छन् ।त्यसैगरी नियम ९९ मा कार्यालयले वर्षको एक

पटक ३ सदस्यीय समिति मार्फत जिन्सी निरीक्षण गराउनु पर्ने, उक्त निरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने व्यहोराहरू र निरीक्षण प्रतिवेदन कार्यान्वयनको सम्बन्धमा उल्लेख रहेको छ ।पालिकाले यो वर्ष जिन्सी निरीक्षण गराउन समिति गठन नै गरेको देखिएन साथै जिन्सी निरीक्षण समेत हुन सकेको पाइएन । जसले गर्दा जिन्सी लगायत सम्पूर्ण सम्पत्तिको यथार्थ अवस्था यकिन हुन सकेन । यसमा सम्बन्धितको ध्यान गइ आवश्यक सुधार हुनु पर्दछ ।

१८ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष विभिन्न १२ जना व्यक्ति एवं संघ संस्थालाई पालिकामा नगर प्रमुख र वडामा वडाध्यक्षको तोक आदेशबाट जम्मा रु.२,२५,०००।आर्थिक सहायता वितरण गरेको विवरण प्राप्त भएको छ। यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ। साथै सहायता प्राप्त गर्नेको विवरण सार्वजनिक गरी पारदर्शिता कायम गर्नुपर्दछ ।

१९ **सहकारि संस्था**

साबिक डिभिजन सहकारी कार्यालयहरू मध्ये संघीयताको कार्यान्वयन सँगसँगै ३६ वटा संस्था यस पालिकामा हस्तान्तरण भई आएकोमध्ये २ वटा संस्थाहरू एकीकरणमा गएकोमा ३० संस्था सक्रिय रही ४ वटा संस्थाहरू निष्कृय रहेकोविवरण प्राप्त भएकोमा निष्कृय रहेको संस्थाहरूमा सर्वसाधारणको पूँजी र सम्पत्ती के कस्तो अवस्थामा रहेको छ सोको जोखिमलाई न्यूनिकरण गरी सर्वसाधारणको सम्पत्ती र अधिकारको संरक्षणको सम्बन्धमा गाउँपालिकाले थप यथेष्ठ पहल गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा सम्बन्धित पदाधिकारी र कर्मचारीहरूको ध्यान जानु आवश्यक छ ।सहकारी संस्थाहरूको प्रवर्धन र नियमनमा प्रभावकारिता ल्याउन एवं सहकारी क्षेत्रको एकीकृत तथ्यांकको आधार सिर्जना गर्न पालिका भित्र रहेका सक्रिय सहकारी संस्थाहरूलाई इन्टरनेटमा आधारित एकिकृत विद्युतिय व्यवस्थापन सूचना प्राणाली Software मा आबद्ध गराउन र निष्कृय रहेका सहकारी संस्थाहरूलाई शेयर सदस्य र वचतकर्ताहरूको शेयर तथा बचत रकमको भुक्तानी पाउनु पर्ने वा तिनुपर्ने दायित्व समेत सुरक्षित हुने गरी नियमानुसार एकिकरण तथा खारेजीको प्रकृया अगाडी बढाउन पालिकाले थप पहल गर्नु पर्दछ ।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका विकृती तथा समस्याहरूलाई सुधार गर्न, सञ्चालन खर्चमा कटौतीगरी उत्पादन क्षेत्रमा लगानी बढाउन, सदस्यहरूलाई प्रदान गर्ने सेवामा गुणात्मकता कायम गरी संस्थाहरूको दिगो विकास र स्थायीत्व प्रदान गर्न सहकारी ऐन २०७४ को दफा ८७ एवं यस पालिकाको सहकारी ऐन, २०७४ बमोजिम सहकारी सस्थाहरूको एकिकरण विघटन तथा दर्ता खारेज गर्ने कार्यलाई व्यवस्थित गरी सहकारी संस्थाहरूको संख्यालाई चुस्त र दुरुस्त बनाउन एकिकरण, विघटन तथा खारेजी सम्बन्धी आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

२० **आन्तरिक आय**

पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष आन्तरिक आय रु.१ करोड सङ्कलन गर्ने अनुमान गरेकोमा यस वर्ष आन्तरिक आय तर्फ रु.७०,३४,२०४।८३ आम्दानी देखाएको छ । जुन वार्षिक अनुमानित आय भन्दा २९.६७ प्रतिशतले घटी असूल भएको देखिन्छ । अनुमानित राजश्वको दायरा बढाई थप राजश्व सङ्कलन गर्ने र आत्मनिर्भर हुनेतर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

२१ **आम्दानीको पुष्ट्याई पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ को उपदफा (५) मा राजस्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । पालिका र मातहतका ८ वडा समेतका राजस्व सङ्कलन केन्द्रहरूले यो वर्षको पौष महिनासम्म विगतदेखि सञ्चालनमा ल्याएको सांग्रिला नामक सफ्टवेयरमार्फत आम्दानी प्राप्त गरेको छ भने केही महिनापछि नेपाल सरकारले लागु गरेको सुत्र सफ्टवेयरमार्फत आम्दानी प्राप्त गरेको व्यहोरा जनाइएको छ । सांग्रिला सफ्टवेयर मार्फत भएको आम्दानीलाइ लेखापरीक्षणमा सफ्टवेयर मार्फत हेर्दा संकलन केन्द्रवाइज आम्दानी रु १७४९०४३।देखाएको छ भने रसिद नं वाइज आम्दानी रु १६९४३६६। र शिर्षकवाइज आम्दानी रु १६१२८६४। देखाइ फरक फरक अंक देखिन आयो । पालिकाले सुत्रमार्फत आम्दानी बाध्न सुरू गरेपश्चात सांग्रिला सफ्टवेयरबाट भएको आम्दानी र दाखिलालाइ सोही समयमा राजस्वको आम्दानीको अभिलेख र प्रतिवेदनहरू उक्त सफ्टवेयरबाट प्रिन्ट गरी प्रमाणित गरी नराखेबाट उक्त सङ्कलन केन्द्रमा

सांग्रिला सफ्टवेयरमार्फत के, कतिनगदी रसिद जारी भयो ? उक्त नगदी रसिदमार्फत के कति रकम आम्दानी भई दाखिला भएको भनी प्रतिवेदन पेस हुन नआएकोले सोको यथार्थता यकिन हुन सकेन । यसप्रकार सांग्रिला सफ्टवेयरमार्फत उक्त सङ्कलन केन्द्रहरूमा सो अवधिमा के कति नगदी रसिद सफ्टवेयरमार्फत जारी भयो ? उक्त रसिदहरूबाट के कति आम्दानी प्राप्त भई के कति रकम दाखिला भयो यकिन हुन नसकिएकोले यस सम्बन्धमा सम्बन्धित निकायको ध्यान गई यथार्थता यकिन गर्नुपर्ने देखिएको रू.

सङ्कलन केन्द्र	आम्दानी रू.
पालिका कार्यालय	१३४४०
वडा नं. १	१४५८९९
वडा नं. २	१८९४१९
वडा नं. ३	२२३७४१
वडा नं. ४	२१८५१६
वडा नं. ५	२२३९५१
वडा नं. ६	२५५९३६
वडा नं. ७	१६९९२६
वडा नं. ८	३०७३१५
जम्मा	१७४८१४३

प्रमाण पेश नगरेको	१७,४८,१४३

२२ **आम्दानीको पुष्ट्याई पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व ऐन, २०७६ को दफा २८ मा आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा सोको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने र मनासिव माफिकको कारणले दाखिला गर्न नसकिने भए कारण खुलाई एक तह माथिको अधिकारी समक्ष म्यादथप माग गर्न सक्ने र तोकिएको समयमा दाखिला नगरेमा दाखिला गर्न बाँकी रकमको १० प्रतिशत जरीवाना गरी कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिमको कारवाही गर्नुपर्ने उल्लेख रहेको छ। यो वर्ष पालिका मातहतका ८ वटा वडा कार्यालयहरूले नगद आम्दानी गर्दा उक्त अवधी भन्दा धेरै ढिला हुनेगरी कतिपयले महिनाको एकपटक वा सोभन्दा पनि ढिला हुनेगरी एकमुष्ठ रूपमा प्राप्त नगदलाई पालिकाको बैङ्क खातामा दाखिला गर्ने गरेको देखियो। यसप्रकार वडाहरूबाट ढिला गरी दाखिला गर्ने गरेकोमा पालिकाले उक्त कानुन बमोजिम लाग्ने जरिवाना रकम समेत असुल गरेको छैन। यसमा पालिकाको ध्यान गई कानुन बमोजिम सुधार हुनुपर्छ ।

२३ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । पालिकाले योवर्ष व्यवसाय कर बापत रु. ६३३६५०।।(व्यवसाय रजिष्ट्रेसन शुल्क समेत) रकम असुल गरेको जनाएको छ । पालिकाको कार्यालयले व्यवसायहरूको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखेको पाइएन । पालिका क्षेत्र भित्रका व्यवसाय एवं व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२४ **अभिलेख**

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

२५ **टुक्रा खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने खरिदका विधिहरू र उपदफा (२) मा खरिद गर्दा टुक्रा पारेर खरिद गर्न नहुने उल्लेख छ।त्यसैगरी नियमावली, २०६४ को नियम ८ मा खरिदको योजना बनाउनु पर्ने र उपनियम १ खण्ड (ख) मा खरिदको सम्भावित प्याकेज सम्बन्धमा उल्लेख छ।पालिकाले देहाय बमोजिमको खरिद कार्य गर्दा खरिदको एकमुष्ठ प्याकेज बनाइ लागत अनुमान तयार गरेर ठेक्का व्यवस्थापन मार्फत गराउनु पर्नेमाएउटै प्रकृतिका कार्यहरू समेत छुट्टाछुट्टै रूपमा सोझै वा ३ वटा खुला दरभाउपत्र लिइ देहाय बमोजिम अनुदानमा वितरण गर्न रु.४७९९८५०। को खरिद गरी कार्यालयबाट रु.२६३५१४३। भुक्तानी गरेको देखियो । साथै अनुदानग्राहीको विवरण सार्वजनिक गरी पारदर्शिता कायम गरेको देखिएन । यसका केही उदाहरण निम्नानुसार छन् ।

सि नं	योजना/कामको विवरण	बजेट/लागत अनुमान	प्राप्त प्रस्ताव	आपुर्तिकर्ता नाम	सम्झौता रकम	घटी प्रतिशत	सम्पन्न काम	भुक्तानी रकम
१	कृषि औजार खरिद तथा वितरण (2 in 1 sprayer वितण)	२०००००	३	मुक्तिनाथ कृषि कमुपनि लि.	१७५०००	०	१७५०००	८४८७५
२	उन्नत जातको मकैको वीउ वितरण	८१००००	३	गोरखानाथ एग्रो सप्लायर्स	८०२५००	०	८०२५००	३८९२१२
३	हिउँदे आलुको वीउ वितरण	९९००००	३	मनकामना एग्रो सप्लायर्स	९९००००	०	९९००००	४८०१५०
४	उन्नत जातको धानको वीउ वितरण	३९५५००	३	मनकामना समुहिकएग्रो	३९५५००	०	३९५५००	१९८७५०
५	तरकारी वालीको वीउ वितरण	४९९४१०	३	गोरखनाथ एग्रोनाथ सप्लायर्स	४८४६००	०	४८४६००	४७७३३१
६	बर्षे आलुको वीउ वितरण	७४३०००	३	मिस्टर बि. प्रालि	६३५२५०	०	६३५२५०	३४६३२५
	जम्मा	३६३७९१०			३४८२८५०		३४८२८५०	१९७६६४३
	मिनी टिलर ३३ थान (५० प्रतिशत अनुदानमा)	१८०००००	५	स्मार्ट एग्रो सोलुसन्स प्रा ली	१३१७०००	२७	१३१७०००	६५८५००
	जम्मा	५४३७९१०			४७९९८५०		४७९९८५०	२६३५१४३

२६ **भेरिएसन आदेश**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ उपदफा (१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको पररस्थिति सम्झौता कार्यान्वयन क्रममा श्रृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिए बमोजिम भेरिएसन आदेश जारी गर्न सकिने प्रावधान रहेको छ । पालिकाले १५ शैयाको प्राथमिक स्वास्थ्य अस्पताल निर्माणको लागि ठेक्का नं P २३- २०७७/७८ का निर्माण व्यवसायी कविन्द्र / नव श्रृजनशिल जे.भी सँग रु १०,४७,८३,८५२/५० (मू.अ.कर र प्रोभिजनल सम बाहेक) को सम्झौता मिति २०७८/११/०८ मा भई कार्य सम्पन्न गर्ने अवधि १८ महिना तोकिएकोमा प्रथम पटक म्याद थप गरी २०८१/०१/३० सम्म पुर्याइएको छ । निर्माण व्यवसायीले २०८१/०१/२८ मा उक्त काम सम्पन्न गरी यो वर्ष सातौ देखि एघारौ विलसम्मको जम्मा रकम रु. ६,९२,०२,८३६/- समेत कुल जम्मा रु. १३,१३,००,९४८/८९ बराबरको कार्य गरी भुक्तानी लिएको देखियो । पालिकाले कार्यपालिकाको निर्णयानुसार उक्त ठेक्कामा कुल ११.११ प्रतिशत थप कार्य सहितको भेरिएसन आदेश जारी गरेको छ ।यसरी भेरिएसन आदेशबाट थप भएका कार्य आइटम र थप भएका परिमाण र घटी भएका कार्य परिमाणलाई हेर्दा कतिपय आइटमहरू सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा उत्पन्न भएको अवस्था नदेखिएको उक्त भेरिएसन आदेश ऐन अनुरूप गरिएको भन्न मिल्ने देखिदैन ।कतिपय आइटमहरू अस्वभाविक रूपमा परिमाण बढ्न गएको समेत देखिन्छ ।८ वटा

नया आइटमका कामहरू रु. १५,२६,७७७/- (मू.अ.कर बाहेक) बराबरको शुरु लागत अनुमान रहेकोमा निर्माण व्यवसायी सँग दर रेट माग गरी रु १२,९६,०४३/- मा गर्ने गरी स्वीकृत गरिएको छ । उक्त नया आइटममा निर्माण व्यवसायी सँग पर्याप्त negotiation गरेको देखिन समेत आएन ।जसले गर्दा शुरु लागत अनुमानमा समग्र २८.४८ प्रतिशत घटेर सम्झौता भएको स्थितिमा नयाँ आइटमको साविकको सट्टा हालको दर रेटमा लागत अनुमान तयार गरिएको भएतापनि औसत १५.११ घटी दरमा स्वीकृत गरेको पाइयो । यसप्रकार कार्यपालिकाले स्वीकृत गरेको भेरिएसन आदेशको सम्बन्धमा यथार्थता यकिन गरिनुपर्दछ ।

२७ **एजविल्ट ड्रइङ्ग**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले १५ शैयाको प्राथमिक स्वास्थ्य अस्पताल भवन निर्माण कार्यका निर्माण व्यवसायी कविन्द्र / नव श्रृजनशिल जे.भीलाई अन्तिम विलको भुक्तानी गो.भौ.१८ मिति २०८१/३/१९ बाट रु. ८६,९७,५६१/- गर्दा निर्माण सम्पन्न भएको उक्त भवनको AS Build drawing तयार गरेबापतको प्रोभिजनल समको रकमबाट रु. १,३४,०००/- समेत भुक्तानी भएको छ ।तर निर्माण व्यवसायीले उक्त AS Build drawing पेश गरी कार्यालयमा दर्ता गरेको र जिन्सी सम्पत्तिमा दाखिला आम्दानी बाधेको नदेखिएकोले पेश हुनुपर्ने रु. १,३४,०००/-

प्रमाण पेश नगरेको	१,३४,०००

२८ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । खहरे सिम्ले भंगेरी झारगाउ पाटी भञ्याङ्ग चिप्लेटी सडक स्तरोन्नति गर्ने कार्यका तामाकोशी – सोम एण्ड अभर जेभी निर्माण व्यवसायी लाई गो.भौ.नं ३५ र ४२८ मिति २०८१/३/२४ बाट तेस्रो रनिङ बिलको भुक्तानी रु ६८६०२८/- भएको छ । तर तेस्रो रनिङ ठेक्का विलअनुसार रु ६२८२०९/०४ मात्रको कार्य भएको देखिएको हुदा बढी भुक्तानी हुन गएको रकम निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	५७,८१९

२९ **म्याद थप**

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियमा १२० मा म्याद थप सम्बन्धमा विविध प्रावधान उल्लेख छ ।जसमध्ये तोकिएको अवधिमा काबु बाहिरको परिस्थिति श्रृजना भई निर्माण व्यवसायीले तोकिएको निर्माण कार्य गर्न नसक्ने भएमा म्याद थप माग गर्न र म्याद थप स्वीकृति गर्न सक्ने प्रावधान रहेको छ ।अन्यथा नियम १२१ बमोजिम पुर्वनिर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने छ ।पालिकाले वडा नं ४ का प्रशासनिक भवन निर्माण गर्न निर्माण व्यवसायी सोम एण्ड अनुर कन्सट्रक्सनसँग रु. ३९,८८,०७१/- को ठेक्का सम्झौता मिति २०८०/१०/२९ मा गरी कार्यसम्पन्न गर्ने अवधि २०८१ असाढ १५ सम्म तोकिएको छ । निर्माण व्यवसायीले २०८१/०२/१५ मा म्याद थप सम्बन्धी दर्ता नभएको कार्यालयमा पेश गरी वर्षाको कारण निर्माण कार्य सम्पन्न गर्न नसकेको कारण जनाई ६.५ महिना म्याद थप गरे बमोजिम पालिका सभाले २०८१/०३/१० मा माग बमोजिम म्याद थप निर्णय गरेको छ ।शुरु ठेक्का अवधि ४.५ महिना रहेको उक्त ठेक्कामा जेष्ठ १५ गते अगाडी नै वर्षाले कार्य गर्न नसकिएको भनी सोको विना प्रमाण र आधार कारण उल्लेख गरेको पत्र कार्यालयमा दर्ता वेगरलाई सभाले काबु बाहिरको परिस्थिति श्रृजना भएको मान्नु उचित देखिदैन ।तसर्थ म्याद थप गर्दा जिम्मेवार व्यक्ति र संस्थाले सो को कारण र आधारलाई पर्याप्त विश्लेषण गरेर निर्णय गर्नुपर्नेमा निर्माण व्यवसायीले हेलचेक्रयाइ गरेको कारण विना पुर्वनिर्धारित क्षतिपुर्ति वेगर करिव १४४ प्रतिशत अवधि थप गर्नुलाई कानुनसम्मत भएको निर्णय भन्न मिल्ने देखिएन । यसप्रकारका कार्यमा सुधार हुनुपर्दछ ।

३० **म्याद थप**

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियमा १२० मा म्याद थप गर्ने र १२१ मा पुर्वनिर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने सम्बन्धमा उल्लेख छ । वडा नं ६ भित्र सडकहरूको स्तोन्नति गर्ने कार्यका निर्माण व्यवसायी जयकाली निर्माण सेवा सँग रु ५९,९५,१३५/- को ठेक्का सम्झौता मिति २०८०/०८/१७ मा गर्ने गरी कार्यसम्पन्न गर्ने अवधि २०८१/०२/१८ सम्म तोकिएकोमा पालिका सभाले २०८१/०३/१० मा निर्माण व्यवसायीको कारण सहितको कार्यालयमा पेश र दर्ता वेगर नै उक्त कार्य सम्पन्न गर्ने अवधि २०८१/०७/३० सम्म थप गरेको छ । सम्झौता अवधिमा काबु बाहिरको परिस्थिति श्रृजना भई कार्यसम्पन्न हुन नसकेकोमा अवधि सकिनु भन्दा कम्तिमा २१ दिन अगाडी कारण र प्रभावको मूल्याङ्कन गरी म्याद थप गर्नुपर्ने कानुनी प्रावधान विपरित विना कारण र प्रमाण निर्माण व्यवसायीको निवेदन कार्यालयमा पेश गरी दर्ता समेत नभएको अवस्थामा पालिका सभाले म्याद थपको निर्णय गरेको कार्यलाई उक्त कानुनसम्मत भएको भन्न मिल्ने देखिएन।यसमा सुधार हुनुपर्दछ।

३१ **वीमा शुल्क**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानी व्यहोर्ने लगायतका शर्तहरू पुरा गर्ने गरी निर्माण व्यवसायीले निर्माण कार्यको वीमा गर्नुपर्ने प्रावधान रहेको छ । पालिकाले यो वर्ष गरेका देहाय देहायका निर्माण कार्यहरूमा निर्माण व्यवसायीले उक्त उल्लेखित शर्तहरू पुरा नहुने गरी निर्माण कार्यहरूको वीमा गरेको जनाई विल विजक बमोजिम वीमा शुल्क भुक्तानी गरेको देखियो ।यसप्रकार कानुन बमोजिम तोकिएका शर्तहरू पुरा नहुने गरी गरेको वीमा शुल्क बापतको रकम भुक्तानी गर्न मिल्ने नदेखिदा सम्बन्धित निर्माण व्यवसायीबाट निम्नानुसार असुल हुनु पर्दछ ।

क. धारापानी नेपाने विरौटा भिरसिङ्ग सडक स्तरोन्नति गर्ने कार्यका निर्माण व्यवसायी इलुङदेवी निर्माण सेवा सँग रु ६३,२१,४९७/- को ठेक्का सम्झौता मिति २०८०/०८/१९ मा गरी कार्यसम्पन्न गर्ने अवधि २०८१/०२/३१ सम्म तोकी Defect liability period एक वर्ष कायम गरिएको छ ।उक्त ठेक्कामा निर्माण व्यवसायीले कार्यसम्पन्न गर्न तोकिएको अवधि भन्दा २३ दिन अगाडी मात्र मिति २०८१/०२/०८ (2024.05.21) मा २०८१/०३/१ (2024.06.14) २४ दिनको लागि वीमा गराई सो बापत prabhu Insurance ltd को २ वटा विजक संलग्न राखी प्रथम रनिङ विलबाट रु ८०,३६३/- र दोस्रो रनिङ विलबाट रु १९,६३७/- समेत रु १ लाख प्रोभिजनल सम मार्फत गो.भौ. २९८ र ४१० बाट भुक्तानी लिएको छ ।यसप्रकार उक्त कानुनमा रहेका सबै शर्तहरू नसमेट्ने गरी भुक्तानी लिने प्रयोजनको लागि मात्र ठेक्का अवधि सकिनु २४ दिन अगाडी गरेको वीमाको प्रमाणको आधारमा उक्त वीमा शुल्क भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु १,००,०००/-

ख. वडा नं २ भित्रका सडकहरू स्तरोन्नति गर्ने कार्यका निर्माण व्यवसायी ठुटे बजार कन्सट्रक्सन सँग रु १,०८,२१,११६/- को ठेक्का सम्झौता मिति २०८०/०८/०७ मा गरी कार्यसम्पन्न गर्ने अवधि २०८१/०२/१८ अर्थात ६.३३ महिना तोकिएको Defect liability period एक वर्ष कायम गरिएको छ ।उक्त ठेक्कामा निर्माण व्यवसायीले कार्य गर्न तोकिएको अवधि भन्दा करिव ३ महिना पश्चात Himalayan Everest Insurance ltd मा २०८०/११/०१ (2024.02.13) देखि २०८१/०२/१८ (2024.05.31) सम्म ३ महिना अवधि रहेको वीमा गरेको प्रमाण पेश गरेको आधारमा गो.भौ नं १६६ मिति २०८०/१२/२८ बाट वीमा शुल्क बापतको रकम प्रोभिजनल सम मार्फत रु. ७९,३०४/- भुक्तानी गरेको छ ।यसप्रकार कानुनमा रहेका सबै शर्तहरू नसमेट्ने गरी भुक्तानी लिने प्रयोजनको लागि मात्र ठेक्का अवधि भन्दा धेरै घटी अवधि कायम गरी गरेको वीमा प्रमाणको आधारमा भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु ७९,३०४/-

ग. खहरे सिम्ले भंगेरी झार गाउ पाटी भञ्याङ्ग सडकहरू स्तरोन्नति कार्यका निर्माण व्यवसायी तामाकोशी सोम एण्ड अमर जे.भी. सँग रु. १,८५,१०,७२२/७५ को ठेक्का सम्झौता मिति २०८०/०८/२६ मा भई प्रथम पटक थप गरिएको अवधि समेत कार्यसम्पन्न गर्ने म्याद २०८१/०९/२९ सम्म तोकिएको छ ।निज निर्माण व्यवसायीले कार्य शुरु भएको एक महिना पश्चात २०८०/०९/२४ मा २०८१/०२/३१ (2024.06.14) सम्म करिव ५ महिना मान्य अवधि रहेको सालिका इन्स्युरन्स कम्पनी लिमिटेडमा वीमा गरेको २ वटा विजकको वीमा शुल्क बापतको रकम रु ८८,८२५/- प्रोभिजनल सम मार्फत दोस्रो रनिङ विलको भुक्तानी गो.भौ नं २१ र २९९ मिति २०८१/१२/२८ बाट भुक्तानी गरिएको छ । ।यसप्रकार करिव १३ महिना म्याद रहेको ठेक्का सम्झौतामा उक्त कानुनले तोकेका सम्पुर्ण

शर्तहरूको पालना नहुने गरी घटी अवधि मान्य रहने गरी वीमा गरेको वीमा शुल्क भुक्तानी गर्न मिल्ने नदेखिएकोले उक्त रकम निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु ८८,८२५/-

घ. वडा नं ३ को कार्यालय भवनमा तला थप गर्ने कार्यका भित्रका निर्माण व्यवसायी मन्डली विल्डर्स सँग रु २७,९०,८९३/- को ठेक्का सम्झौता मिति २०८०/१२/०६ मा गरी कार्यसम्पन्न गर्ने अवधि २०८१/०२/१८ तोकिएको मा निजले उक्त कार्य सम्पन्न गरी अन्तिम विलको भुक्तानी समेत भइसकेको छ ।जसमध्ये निजलाई ४३३ मिति २०८१/०३/२४ बाट अन्तिम विलको रकम भुक्तानी हुदा वीमा गरेको जनाई प्रोभिजनल सम मार्फत वीमा शुल्क रु ४०,४४६/- समेत भुक्तानी भएको छ । उक्त भुक्तानीको उपरोक्त कानुनले तोकेको शर्तहरू पुरा गर्ने गरी नियमानुसार पुरा अवधिको वीमा गरेको प्रमाण पेश भएको नदेखिएकोले पेश हुनुपर्दछ अन्यथा असुल हुनुपर्ने रु. ४०,४४६/-

असुल गर्नुपर्ने	३,०८,५७५

३२ **प्रमाण पेश हुनुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयबाट यस आर्थिक वर्ष देहायबमोजिको भौचरबाट भुक्तानी भएकोमा खर्चको पुष्ट्याई हुने आवश्यक काजगात पेश नभएकाले खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु

गो.भौ. नं / मिति	खरिदको विवरण	आपुर्तिकर्ता	भुक्तानी रु	कैफियत
४१२/०८१/३/२३	ग्याविन वक्स थान १९०	मार्क कन्सट्रक्स न एण्ड सप्लायर्स प्रा.लि.	६९४२७२	सारङ्गी खोला वडा नं ७ चिण्डे झोलुङ्गे पुलमा प्रयोग गर्ने जनाइएको प्रविधिक पुष्टयाई हुने नापी किताब र प्रमाण पेश नभएको ।

प्रमाण पेश नगरेको	६,९४,२७२

३३ **सफ्टवेयर खरिद र डिपिआर लगायत अध्ययन कार्य**

३३.१ कार्यालयले यो वर्ष स्वीकृत कार्याक्रम अनुसार १ वटा सफ्टवेयर खरिद र जडान गरी रु. २३४१५०।, डिपिआर लगायतको ३ वटा अध्ययन कार्य गराई रु.५७९५५१२।समेत देहायअनुसार जम्मा रु. ६०३२८१२। खर्च लेखेको छ ।

क. सफ्टवेयर खरिद र जडान कार्य :

क्र.स.	सफ्टवेयरविवरण	जडान गर्ने कम्पनी	लागत अनुमान	प्राप्त प्रस्ताव संङ्ख्या	सम्झौता	भुक्तानी
१.	Hmis Digitilazation	कोड फ्युजन टेक्नोलोजी	तयार नगरेको	३	२३७३००	२३७३००
	जम्मा				२३७३००	२३७३००

ख. डिपिआर लगायत अध्ययनकार्य :

क्र.सं.	डिपिआरको विवरण	डिपिआर गर्ने कम्पनी	लागत अनुमान वा बजेट	प्राप्त प्रस्ताव संङ्ख्या	सम्झौता	भुक्तानी
१.	श्रीनाथ मण्डली मन्दिर परिषर गुरुयोजना अध्धयन कार्य	दि टेक इन्जिनियरिङ्ग सोलुसन प्रा. ली.	१५०२२२२।	३	१४९६९७८	१४९६९७८
२	दरौदी र चेपे नदी बगर क्षेत्रको IEE अध्ययन कार्य	युनिक डिजाइन एण्ड डेभलपमेण्ट इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा ली	४९८८००	३	४८००२४	४८००२४
३	काउले बट्टे साँधी खोला केराबारी सडक	राइजिङ्ग इन्जिनियरिङ्ग कन्सल्टेण्ट प्रा ली	५३९३१३	३	५२५४५०	५२५४५०
४	शिक्षा क्षेत्र सुधार रणनीति	इ क्याच इन्जिनियरिङ कन्सलटेन्सी प्रा ली	५ लाख	३	४९०४२०	४९०४२०
५	गाउँपालिका फोहोरमैला व्यवस्थापन योजना	भूमि इन्जिनियरिङ कन्सोटियम	५ लाख	३	४०६४६५	४०६४६५
६	EEST & GRB Audit	विज्डम एकेडेमि एण्ड रिसर्च सेन्टर प्रालि	५ लाख	३	४४३५७५	४४३५७५
७	कृषि रणनीति निर्माण	मण्डला इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि	५ लाख	३	४८८१६०	४८८१६०
८	गापा सहकारी संस्था सहजिकरणकालागि कार्यविवरण	एस एण्ड एस डेभलेपमेन्ट प्रा लि	५ लाख	३	४८९२५०	४८९२५०
९	स्वास्थ्य रणनीति	डिजान एसोसिएट्स नेपाल प्रलि	५ लाख	३	४८६४६५	४८६४६५
१०	सामाजिक परीक्षण	सहकार्य कन्सल्ट प्रा लि	५ लाख	३	४८८७२५	४८८७२५
	जम्मा				५७९५५१२	५७९५५१२

उपरोक्त अनुसारको खरिदको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

३३.२ सफ्टवेयर खरिद - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले गो भौ २५७ मिति २०८०।१०।२८ बाट विद्युतिय स्वास्थ्य सूचना रेकडिङ र रिपोर्टिङ प्रणाली (EHIRRS) सफ्टवेयर खरिद गरी रु.२३७३०० कोड फ्यूजन टक्नोलोजीलाई भुक्तानी गरि खर्च गरेकोमा खरिद भएको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

३३.३ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरू उल्लेख गरिएको छ । कार्यालयले उपरोक्त र बमोजिम सफ्टवेयर र अध्ययन खरिदको कार्य गर्दा र गराउँदा लागत अनुमान तयार गरी स्वीकृत गरेको छ। यसरी लागत अनुमान तयार गर्दा सम्बन्धित कामको लागि वास्तविक रूपमा चाहिने कामको परिमाण र दर विश्लेषण गरेर गर्नुपर्नेमा सो नगरी स्वीकृत बजेटको आधारमा परिमाण कायम गरी लागत अनुमान तयार गरिएको छ । परामर्श तथा डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। उदाहरणको लागि उपरोक्तानुसारका कार्यका लागि चाहिने वास्तविक दक्ष र सपोर्ट जनशक्तिको आवश्यकता भन्दा पनि बजेटले भ्याउने

सम्मको दक्ष र सपोर्टका जनशक्ति राखी सो आधारमा लागत अनुमान तयार गरी स्वीकृत गरिएको छ । यसरी तयार भएको लागत अनुमानलाई वास्तविक र यथार्थतामा आधारित भई तयार गरेको भन्न मिल्ने देखिएन।

३३.४ न्यून प्रतिस्पर्धा : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा खरिदका विधिहरूको उल्लेख छ । कार्यालयले उपरोक्त बमोजिम सफ्टवेयरको विकास र जडान तथा डिपिआर लगायतको अध्ययन कार्य गराउदा रु. ५लाख सम्मका लागत अनुमान भएका कार्यमा प्रत्येक ३ वटा दरले पत्र मार्फत सोझै र खुला रूपमा दरभाउ पत्र वा वित्तीय प्रस्ताव लिएर र सो भन्दा माथि रु. २० लाख सम्म लागत अनुमान भएका कार्यमा ३ वटा का दरले पत्र मार्फत सिलबन्दी आर्थिक र प्रविधिक प्रस्ताव लिएर छनौट गरेको छ ।यसरी छनौट भएका घटीवालासँग सम्झौता गरेको देखियो । उक्त खरिद कार्यमा न्युन प्रतिस्पर्धाबाट खरिद गरेको देखिदा यसरी गरेको खरिद कार्य स्वच्छ प्रतिस्पर्धा र पारदर्शी भयो भन्न मिल्ने देखिएन।

३४ **वढी भुक्तानी** (६५० २०८१।३।२४-२०८१-३-२४):

६५० २०८१।३।२४ प्रदेश खर्चको मापदण्ड २०७९ को अनुसूची १ को ५ मा तालिममा सहभागिलाइ मसलन्द बापत प्रति व्यक्ति रु १५० सम्म दिन मिल्ने व्यवस्था रहेको छ । तर पालिकामा सञ्चालित (कार्यक्रम सञ्चालकः शारदा ढकाल, महिला विकास शाखा) विभिन्न कार्यक्रम, तालिम तथा अन्तरक्रिया लगाएका कार्यक्रममा स्टेशनरी बापत फरक फरक दरले रकमको खर्च लेखिएको देखिन्छ । यसरि कानूनमा भएको व्यवस्था भन्दा वढी दरमा गरिएको खर्च रकम असुल गर्नुपर्ने रु.

क्रसं	कार्यक्रमकोनाम	सहभागिसंख्या	दर	भुक्तानि	हुनुपर्ने	बढीभुक्तानी
१	सामाजिक रुपान्तरणका लागि सचेतनामुलक कार्यक्रम	६	१०००	६०००	९००	५१००
२	न्यायीक समिति र गाँउ पालिका भित्रका प्रहरी चौकीका प्रमुख एवंप्रतिनिधिहरू सँगको त्रैमासिक अन्तरकृया कार्यक्रम ४ दिने	६९	५००	३४५००	१०३५०	२४१५०
३	न्यायीक समिति संयोजक र विद्यालय विच भएको सचेतनामुलक कार्यक्रम(११दिन)	२४३	४००	९७२००	३६४५०	६०७५०
४	समाजको हरेक निर्णय तहमा पहुच सुनिश्चित गरी अगाडी बढ्नको लागियोजना तर्जुमा सम्बन्धि ५ दिने तालिम कार्यक्रम	३८	४००	१५२००	५७००	९५००
					जम्मा	९९५००
					असुल गर्नुपर्ने	९९,५००

३५ **संघीय संस्थालाइ सहयोग**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरूप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वियन गर्ने कर्तव्य सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ ।कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र संघीय तथा प्रादेशिक निकायहरूको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्बन्धित निकायहरूले खर्च गर्नुपर्ने प्रावधानहरू रहेका छन् । कार्यालयले देहाय बमोजिम अन्य निकायहरूको खर्च समेत यस कार्यालयबाट गरेको देखिदा स्थानिय सञ्चित कोषमा थपभार पर्न गएकोले नियमसम्मत भन्न मिल्ने नदेखिएको रु

गो भौ मिति	कामको विवरण	कार्यालय	भुक्तनी रकम
६४९ २०८१।३।२४	सिसि क्यामरा कम्प्युटर तथा फोटोकपि मेसिन खरिद	नयाँसाघु प्रहरी चौकी	९९४९६
४०४ २०८१।२।१	इन्धन	नयासाँघु प्रहरी चौकी	५१०६
३९१ २०८१।१।२७	इन्धन	चोरकाटे प्रहरी चौकी	५०४७
३९१ २०८१।१।२७	इन्धन	हर्मी इलाका प्रहरी	५१४५
३९१ २०८१।१।२७	इन्धन	चित्रेपोखरी इलाका प्रहरी	५१२३
३९१ २०८१।१।२७	इन्धन	धारापानी अस्थायी प्रहरी चेक पोष्ट	५११७
३३७ २०८०।१२।२७	इन्धन	हर्मी इलाका प्रहरी	६६८८
३३७ २०८०।१२।२७	इन्धन	नयासाँघु प्रहरी चौकी	६५८०
३३७ २०८०।१२।२७	इन्धन	चित्रेपोखरी इलाका प्रहरी	६९०५
३३७ २०८०।१२।२७	इन्धन	धारापानी अस्थायी प्रहरी चेक पोष्ट	११७०६
९६ २०८०।११।२३	मर्मत	चनौटे चौकी	९४१३१
जम्मा			२५१०४४

अनियमित भएको	२,५१,०४४

३६ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा खाजा र अन्य विविध खर्चतर्फ रु.२०,७०,९४७।- खर्च गरेको विवरण प्राप्त भएको छ । पालिकाले विविध बैठक तथा कार्यक्रम सञ्चालनार्थ खर्च भएको उल्लेख गरी लागत अनुमान स्वीकृत नगराई खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाई मात्र संलग्न गरी विविध शीर्षकबाट खाना तथा खाजा र अन्य विविध बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट बास्तविक रूपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । गाउँकार्यपालिका, शाखाहरू तथा विभिन्न वडा कार्यालयहरूमा भएका विविध तथा खाजा खाना खर्चमाहोटलको बिलमात्र पेश भएको तर प्रयोजन तथा खर्चको पुष्ट्याई बेगर भुक्तानी भएका उदाहरणहरू देहाय बमोजिम रहेको छन् ।

गो भौ मिति	विवरण	भुक्तानिप्राप्त गर्ने	भुक्तानीरकम
१२७२०८०।६।२९	खाजा खाना	मनमायागुरुङ	३५३०७३
१८७२०८१।८।२७	खाजा खाना	मनमायागुरुङ	८२५५०
२१५२०८०।९।२३	खाजा खाना	बम बहादुरगुरुङ	६०२४५
२३३२०८०।१०।१२	खाजा खाना	मनमायागुरुङ	१०६४७९
		मिलन गुरुङ	८५८४२
२५१२०८०।१०।२५	खाजा खाना	गणेशबस्नेत	१६६३००
२६६२०८०।११।१५	खाजा खाना	मनमायागुरुङ	६८०१०
६३५२०८१।३।२४	खाजा खाना	अमन खाजाघर	७९६५०
		बम बहादुर गुरुङ	९०५९३
		राज कुमार गुरुङ	३८२१८
५८८२०८१।३।२१	खाजा खाना	युवराजन्यौपाने	१९६९००
५२०२०८१।३।१३	खाजा खाना	मनमायागुरुङ	८८०५९
		मिलन गुरुङ	१८१०९८
४०८२०८१।२।२	खाजा खाना	मनमायागुरुङ	४५४१५
३४२२०८०।१२।१८	खाजा खाना	पवित्राश्रेष्ठ	५५९९७
		बम बहादुर गुरुङ	९१६८३
		बेलमाया गुरुङ	२४३१०
		मनमाया गुरुङ	७१५९५
जम्मा			१८८६०१७

३७ **सामाजिक सुरक्षातर्फ**

गाउँपालिकाले यस वर्ष सामाजिक सुरक्षा शिर्षकमा जम्मा बजेट रु. १८२९९७३३०। निकासा भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसार देखियो ।

(क) सामाजिक सुरक्ष ा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने बैङ्क मार्फत वितरण गर्नुपर्ने नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ ।लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन। निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यु भई लाभग्राही सुचिबाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैङ्कमा निकासा जाने गरेको देखियो । लाभग्राही लागत अद्यावधिक गरि सोही आधारमा निकासा व्यवस्थापन गर्नुपर्छ ।

(ख) सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानिय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा निष्क्रिय लाभग्राहीको खाता माग गर्दा उपलब्ध गराएको छैन। गाउँपालिकाले निष्क्रिय लाभग्रहीको खाताको विवरण माग गरी लगत अद्यावधिक गर्नुपर्दछ।

(ग) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५, को परिच्छेद ४, दफा १६ मा स्थानिय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोज १ गतेबाट दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको १ गते बाट दोस्रो हप्ता भित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गर्नुपर्ने भएकोले समयमै सामाजिक सुरक्षा भता वितरण गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण समयमै अद्यावधिक हुन नसकेको देखिएकोले समयमै अद्यावधिक गर्नुपर्ने देखिन्छ।

(घ) **बढी भुक्तानी :**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बमोजिम मृत्यु भएका लाभग्राहीको मृत्यु भएपश्चात हुन आउने रकम कट्टा गरी बाँचेको अवधि सम्मको रकम मात्रै भुक्तानी गर्नुपर्नेमा सो नभई बढी भुक्तानी भएको देखियो।यसरी भुक्तानी भएको रु४७८८। सम्बन्धित लाभग्राहीबाट असुलउपर गर्नुपर्ने रू.

क्र.स.	नाम थर	ना.प्र.न.	वडा न.	लगत कट्टा हुनु पर्ने मिति	भुक्तानी दर	बढी भुक्तानी	कैफियत (त्रैमासिक रूपमा)
६	रण कुमारी मगर	१७४	२	२०८०/०९/०८	१२,०००/-	२,९२६/-	दोस्रो
७	मन बहादुर परियार	३२२	२	२०८०/१२/१६	१२,०००/-	१,८६२/-	तेस्रो
	जम्मा रु					४७८८।	

असुल गर्नुपर्ने	४,७८८

३८ निःशुल्क उपचार सहायता

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार बापत आर्थिक सहायता दिने प्रबन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार बापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागि बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार बापतको आर्थिक सहायता वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट ६७ जनाको लागि रु. ६७ लाख खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

क्रम	उपचारको किसिम	व्यक्ति संख्या	रकम रु हजारमा
१	मुटुरोग, क्यान्सर पिडित, मृगौला डाइलासिस, स्पाइनल इन्जुरी	६७	६७०००००

३९ एम्बुलेन्सको आय-व्यय

पालिकाले आफ्नो नाममा रहेको मेशिनहरूको उपयोग तथा दीगो व्यवस्थापनको लागि कार्यविधि तयार गरी व्यवस्थित तरिकाले सञ्चालन गर्नुपर्दछ। पालिका र अन्तर्गत निम्नानुसार स्वास्थ्य चौकीमा ६ एम्बुलेन्स सञ्चालनमा रहेको छ । ती साधनहरू पालिकाको कार्यमा र समय समयमा अन्यत्र भाडामा समेत प्रयोग हुने गरेको भए तापनि पालिकाले सञ्चालन सम्बन्धी व्यवस्थित अभिलेख राखी आम्दानी असुल गरेको छैन । एम्बुलेन्स सञ्चालन भएको समय, ईन्धन खर्च खुल्ने लगसिट तथा आम्दानीको व्यवस्थित अभिलेख राख्ने नगरेबाट यी साधनहरूको सञ्चालन आय तथा व्यय अवस्था यकिन गर्न सक्ने अवस्था रहेन । व्यवस्थित तरिकाले एम्बुलेन्स सञ्चालन गरी सोबाट प्राप्त हुने आय पालिकाको खातामा जम्मा भएको सुनिश्चित हुने प्रणाली विकास गर्नुपर्दछ।

४० कृषि पशु अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार,

प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट १८६ कृषकको लागि रु.८०,८४,०००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

क्र.सं.	अनुदानको किसिम	व्यक्ति संख्या	रकम
१	बाख्रा प्रवर्द्धनकाकार्यक्रमका लागि खोर निर्माण कार्यक्रम	२ वटा खोर निर्माण	२०००००
२	भकारो सुधार कार्यक्रम	१३ वटा	३०००००
३	हरिया घास बिस्तार कार्यक्रम	७ जना कृषक	१७००००
४	मिनि टिलर वितरण	३०वटा	६५८५००
५	साना सिचाई कार्यक्रम (कुलो / टंकी निरमाण)	३०वटा	३००००००
६	आधुनिक प्लास्टिक घर निर्माण (सेमि हाईटेक)	६ वटा	४५००००
७	कोल्ड रुम निर्माण	२वटा	२००००००
८	एक वडा एक वाली विशेष पकेट विकास कार्यक्रम	३वटा	८०००००
९	कृषि औजार (2 in 1 sprayer) वितरण	३५वटा	८७५००
१०	गोला सहितको मौरी घार वितरण	८८वटा	४१८०००
	जम्मा		८०८४०००

४१ मुख्यमन्त्री नवप्रवर्द्धन कार्यक्रम

४१.१ प्रशिक्षकलाई बढी सुविधा : गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ को दफा ११ मा सेवा करार तथा परामर्श सेवा सम्बन्धी मापदण्डमा विभिन्न प्रावधानहरू उल्लेख रहेका छन्।पालिकाले मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रम अन्तर्गत माटोका भाडा बनाउने तालिम कार्यक्रममा दैनिक १२ घण्टाका दरले ४५ दिनसम्म वडा नं ४ का ४० जना सहभागीहरूलाई प्रशिक्षण सेवा उपलब्ध गराउन ३ वटा खुल्ला दरभाउपत्र मार्फत डेकोरेसन सेरामिक्सलाई रु २,९४,०००/- को प्रस्ताव स्वीकृत गरी प्रशिक्षणको कार्य गरेबापत गो.भौ नं ४ मिति २०८१/३/२१ बाट उक्त रकम भुक्तानी भएको छ ।त्यसैगरी सोही कार्यक्रम अन्तर्गत बासको सामान बनाउने तालिम कार्यक्रममा दैनिक १२ घण्टाका दरले ४५ दिनसम्म वडा नं ६ का ३० जना सहभागीहरूलाई प्रशिक्षण सेवा उपलब्ध गराउन ३ वटा खुल्ला दरभाउपत्र मार्फत राम कुमार राईलाई रु १,७२,५००/- को प्रस्ताव स्वीकृत गरी प्रशिक्षणको कार्य गरेबापत गो.भौ नं ४ मिति २०८१/३/२१ बाट उक्त रकम भुक्तानी भएको छ ।निज परामर्शदाता प्रशिक्षकहरूलाई प्रस्ताव र सम्झौता बमोजिम उक्त रकम भुक्तानी पश्चात निजहरूलाई खाना खाजा खर्च भनी क्रमश: रु ३७,६००/- र रु १५,०००/- रकम थप भुक्तानी गरेको पाइयो ।उक्त थप भुक्तानी रकम उपरोक्त खर्चको मापदण्ड अनुकुल नहुने र दोहोरो भुक्तानी समेत हुने देखिदा उक्त रकम निजहरूबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	५२,६००

४१.२ बढी खर्च : मुख्यमन्त्री नवप्रवर्द्धन कार्यक्रम अन्तर्गत मिति २०८०/१०/२६ मा मुख्यमन्त्री कार्यालय र पालिका बीच भएको समझदारीपत्रम माटोको भाडा बनाउने तालिम सामग्री खरिदमा रु ५ लाख बजेट विनियोजन गरेको छ ।तर पालिकाले माटोको भाडा बनाउने तालिम सामग्री खरिदमा रु ९,९७,७९०/- खर्च लेखी गो.भौ नं १ मिति २०८१/२/०७ बाट नेपाल सेरामिक्स इन्टरप्राइजेजलाई भुक्तानी गरेको छ ।यसप्रकार बजेट भन्दा बढी लेखेको खर्च रकमलाई नियमसम्मत भन्न मिल्ने नदेखिदा अनियमित भएको रु

अनियमित भएको	४,९७,७९०

४१.३ अवलोकन भ्रमण : गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ सोको अनुसुची १ मा तालिम गोष्ठी सेमिनार आदि कार्यक्रममा गर्नुपर्ने खर्च र सो को मापदण्ड सम्बन्धमा विभिन्न प्रावधानहरू उल्लेख रहेको छन् । छन्।पालिकाले मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रम अन्तर्गत माटोका भाडा बनाउने तालिम कार्यक्रम र बासको सामान बनाउने तालिम कार्यक्रममा गो.भौ नं ४ मिति २०८१/३/२१ बाट रु ३१,००,५८२/- खर्च लेखेको छ ।जसमध्ये माटोका भाडा बनाउने तालिममा सहभागी ४० जना र बासको सामान बनाउने तालिममा ३० जनालाई अवलोकन भ्रमण गराएको भनी यातायात र खाजा खर्च भनी क्रमश: रु २,२१,३१५/- र रु १,८१,३०४/- समेत रु.४,०२,६१९/- समेत भुक्तानी खर्च जनाइएको छ ।यसप्रकारको तालिम कार्यक्रममा अवलोकन भ्रमण भनी खर्च लेख्न सक्ने प्रावधान उक्त खर्चको मापदण्डमा रहेको देखिएन ।उक्त मापदण्डमा नभएको खर्च लेखेबाट प्रदेश सरकारलाई थप व्यय भार श्रृजना गरेको रु

अनियमित भएको	४,०२,६१९

४२ अनुदान

समाजमा पछाडी परेका विपन्न बर्गहरूको आर्थिक वृद्धि गर्नका लागि स्थानीय स्रोत साधन प्रयोग गरि दुना टपरी बनाउने तालिम कार्यक्रममा टपरि बनाउने मेसिन खरिद गरि सरल यन्त्र प्रालि लाइ रु २९१११० भुक्तानी गरिएको छ । सो मेसिन खरिद गर्दा लाभग्राहिको शुन्य साझेदारीमा शिव शक्ति आमा समूहलाइ हस्तान्तरण गरेको छ । यसरी साझेदारी विना पालिकाले सम्पूर्ण लागत वेहोर्ने गरि कार्य गर्दा लाभग्राहीको अपनत्व तथा जिम्मेवारी, मर्मत, सम्भार लगायतका कार्यमा उपलब्धि नहुने हुनसक्छ । यस्ता सामाग्रिलाइ लाभग्राहीको साझेदारी हुनेगरि हस्तान्तरण गर्नुपर्दछ अन्यथा पालिकाले आफ्नो जिन्सिमा दाखिला गरि आम्दानी बाँधी समयसमयमा अनुगमन गर्नुपर्दछ ।

४३ निःशुल्क शिक्षा

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९को नियम १५१ मा संस्थागत विद्यालयले गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

४४ संघिय राजस्व वाडफाड समेत पालिका श्रोतवाट बिद्यालयलाइ अनुदान

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । त्यसैगरी संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । पालिकाले संघीय **राजस्व वाडफाड** समेतको पालिका चालु खर्च शिर्षकबाट देहाय बमोजिम ४६ बिद्यालयमा १०१ शिक्षक करारमा राखी जम्मा रु ९९ लाख ७६ हजार आन्तरिक श्रोतबाट करारमा राखिएको शिक्षकहरूको तलव भत्ता बापत रकम निकासा दिइ खर्च लेखेको छ । जसमा पालिकाले देहाय अनुसार प्रति शिक्षक प्रति कक्षा बिद्यार्थी संख्याको आधारमा तोकिएको भन्दा घटी बिद्यार्थी संख्या रहेका बिद्यालयलाइ समेत निम्नानुसार.वित्तीय समानीकरण शिर्षकबाट अनुदान निकासा दिइ खर्च लेखेको विवरण प्राप्त भएको छ । पालिकाले यसप्रकारको अनुदान सहयोग बिद्यार्थी चाप धेरै रहेका बिद्यालयमा आन्तरिक श्रोतबाट भ्याउने भए मात्र उपलव्ध गराउनु पर्नेमा समानिकरण अनुदान शिर्षक समेतबाट उपलव्ध गराउन मिल्ने देखिदैन । यसमा गरेको खर्चलाई कानुन सम्मत भन्न मिल्ने नदेखिएकोले अनियमित भएको रु

क्र.स	विद्यालयको नाम	जम्मा विद्यार्थी संख्या	जम्मा शिक्षक संख्या	अनुदानवाट सुविधा पाउँने शिक्षक संख्या	संघिय राजस्व वाडफाड समेतपालिका श्रोतवाट अनुदान निकासा रकम
१	श्री आदर्श	१३	३	२	१४३०००
२	श्री अर्कुल प्रा.वि.	५१	३	२	२०९०००
३	श्री वालज्योती प्रा.वि.	६०	४	३	२८३०००
४	श्री वुद्धचण्डी प्रा.वि.	०	१	१	१४००००
५	श्री वुद्धिकल्याण प्रा.वि.	१८	२	२	१३००००
६	श्री चन्द्रोदय मा.वि.	१०६	१२	३	२६२५००
७	श्री एकता प्रा.वि.	६	१	१	१४००००
८	श्री गणेश प्रा.वि.	२	१	१	१४००००
९	श्री जनजागृत्ती प्रा.वि.	१९	३	२	१३००००
१०	श्री जनज्योती मा.वि.	१५३	१७	४	३०५०००
११	श्री जनकल्याण मा.वि.	११६	१७	३	२५३५००
१२	श्री परोपकार आदर्श मा.वि.	३४६	२०	३	२६२५००
१३	श्री फिनाम प्रा.वि.	१६	४	२	१३००००
१४	श्री सामुदायिक	३	०	०	१३००००
१५	श्री सीतादेवी प्रा.वि.	२५	२	२	१६००००
१६	श्री श्रीनाथ प्रा.वि.	२०	३	२	१४३००००
१७	श्री सूर्यज्योती प्रा.वि.	९	३	२	१४३०००
१८	श्री सत्यदेवी प्रा.वि.	१९	१	१	१३००००
१९	श्री आहाल भञ्ज्याङ्ग मा.वि.	७८	१४	३	२५३५००
२०	श्री वाल कन्या प्रा.वि.	५	२	१	६९०००
२१	श्री वाल लहरी प्रा.वि.	३५	३	२	१३००००
२२	श्री भद्रशिला प्रा.वि.	५	२	२	१३००००
२३	श्री विज्ञान प्रा.वि.	३३	४	२	१४३०००
२४	श्री चम्पावती मा.वि.	१४९	१६	३	२५३५००
२५	श्री चित्रेपोखरी मा.वि.	९३	१३	३	२५३५००

२६	श्री धर्मावती मा.वि.	१३०	१४	३	२५३५००
२७	श्री हनुमान प्रा.वि	६	१	१	९१०००
२८	श्री हिमाली मा.वि.	४८	९	३	२५३५००
२९	श्री जनकल्याण प्रा.वि.	११	१	१	१३००००
३०	श्री जनज्योती आ.वि	६५	१०	२	२१४०००
३१	श्री झिम्रेक महिपते मा.वि.	१०६	१४	३	२५३५००
३२	श्री जीवन आ.वि.	२९	६	२	१८२०००
३३	श्री कामधेनु प्रा.वि.	९	२	१	३००००
३४	श्री कृष्ण ज्योती मा.वि.	१५७	११	३	२६२५००
३५	श्री महेन्द्र ज्योती	४१	४	२	१४३०००
३६	श्री महेन्द्र लीला मा.वि.	२३७	१९	४	३४४५००
३७	श्री मण्डली मा.वि.	३३३	२१	३	२५३५००
३८	श्री नामरुक आ.वि.	२०	५	२	१८२०००
३९	श्री नवचेतना प्रा.वि.	१०	२	२	१४३०००
४०	श्री नेपाने मा.वि.	१३०	१२	४	३९३५००
४१	श्री सहयोग सदन	१२	३	२	१९२०००
४२	श्री संसारी महेन्द्र मा.वि.	३४९	१८	३	२५३५००
४३	श्री सरस्वती प्रा.वि.	१४	२	२	१३००००
४४	श्री सर्वैदय आ.वि.	७२	८	२	१८२०००
४५	श्री शिखर ज्योती प्रा.वि.	३६	४	२	१४३०००
४६	श्री सूर्येदय प्रा.वि.	२२	३	२	१९२०००
	जम्मा			१०१	९९७६०००

अनियमित भएको	९९,७६,०००

४५ **न्युन विद्यार्थी संख्या भएका विद्यालय**

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । सोहीनियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरू उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या बालविकास केन्द्र समेत ४६ रहेको र यस आ.व. मा उक्त विद्यालयहरूलाइ यस पालिकाबाट जम्मा रु १९६६७७५३४। निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार २७ विद्यालय र बालविकास

केन्द्रमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको व्यहोरा देखिन आयो। जस मध्ये एक बिद्यालयमा बिद्यार्थी संख्या शुन्य र शिक्षक संख्या करारका एक रहेकोमा समेत रु ४४८८२०। निकासा दिइ खर्च लेखिएको छ । त्यसैगरी एक बिद्यालयमा बिद्यार्थी संख्या ५ रहेकोमा करारका शिक्षक संख्या २ जना राखी रु ८२९८४०। निकासा दिइ खर्च लेखिएको छ । त्यस्तै १० जना भन्दा कम बिद्यार्थी संख्या भएका १० बिद्यालय रहेकोमा समेत प्रत्येक बिद्यालयमा एक देखि २ जनासम्म करारका शिक्षक राखीएको देखियो । एक बिद्यालयमा ३ जना बिद्यार्थी र शुन्य संख्यामा शिक्षक रहेकोमा समेत रु २५४०००। रकम निकासा दिइ खर्च लेखिएको छ । तसर्थ न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरूलाइ उपरोक्त कानून बमोजिम एक आपसमा गाभी विद्यालय व्यवस्थापनलाइ चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीको ध्यान गइ कानून बमोजिम गर्नुपर्ने देखिन्छ। प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत बिद्यालय संख्या, विद्यार्थी संख्यार बिद्यालयमा वार्षिक निकासा रकमको विवरण यस प्रकार छ।

क्र.सं.	विद्यालयको नाम रठेगाना	संचालित कक्षा	विद्यार्थी संख्या	शिक्षकसंख्या			यो वर्ष कुलनिकासा
				स्थायी	अस्थायी/ करार /ज्यालादारी	जम्मा	
१	श्रीआहाल भञ्ज्याङ्ग मा.वि.	E.C.D.-१०	७८	१०	४	१४	८०३३८९०
२	श्रीवाल कन्या प्रा.वि.	E.C.D.-३	५	-	२	२	८२९८४०
३	श्रीवाल लहरी प्रा.वि.	E.C.D.-४	३५	३	-	३	१९३७४३२
४	श्रीभद्रशिला प्रा.वि.	E.C.D.-३	५	१	१	२	१००३०५०
५	श्रीविज्ञान प्रा.वि.	E.C.D.-५	३३	२	२	४	२४२४८८१
६	श्रीचम्पावती मा.वि.	E.C.D.-१२	१४९	१०	६	१६	९४६४६८३
७	श्रीचित्रेपोखरी मा.वि.	E.C.D.-१०	९३	१०	३	१३	८२१७६३६
८	श्रीधर्मावती मा.वि.	E.C.D.-१०	१३०	१३	१	१४	८७४३८६१
९	श्रीहनुमान प्रा.वि	E.C.D.-३	६	-	१	१	७५६५०५
१०	श्रीहिमाली मा.वि.	E.C.D.-१०	४८	४	५	९	४४७६९६८
११	श्रीजनकल्याण प्रा.वि.	E.C.D.-३	११	१	-	१	७६५६९४
१२	श्रीजनज्योती आ.वि	E.C.D.-८	६५	५	५	१०	५३५८२६७
१३	श्रीझिम्रेक महिपते मा.वि.	E.C.D.-१०	१०६	१०	४	१४	८३६७२८१
१४	श्रीजीवन आ.वि.	E.C.D.-८	२९	५	१	६	३०२८२४३
१५	श्रीकामधेनु प्रा.वि.	E.C.D.-३	९	२	-	२	८६१८५७
१६	श्रीकृष्ण ज्योती मा.वि.	E.C.D.-१०	१५७	८	३	११	६६२७७३४
१७	श्रीमहेन्द्र ज्योती	E.C.D.-५	४१	४	-	४	२५८४५५६
१८	श्रीमहेन्द्र लीला मा.वि.	E.C.D.-१२	२३७	१६	३	१९	१३०१०९९४
१९	श्रीमण्डली मा.वि.	E.C.D.-१२	३३३	१९	२	२१	१४६५४२२६
२०	श्रीनामरुक आ.वि.	E.C.D.-८	२०	२	३	५	२९१०८७४
२१	श्रीनवचेतना प्रा.वि.	E.C.D.-५	१०	२	-	२	१३४०३०९
२२	श्रीनेपाने मा.वि.	E.C.D.-१०	१३०	८	४	१२	६५५६५७१
२३	श्रीसहयोग सदन	E.C.D.-५	१२	३	-	३	१६६२९६५
२४	श्रीसंसारी महेन्द्र मा.वि.	E.C.D.-१२	३४९	१३	५	१८	१२३५२४८७
२५	श्रीसरस्वती प्रा.वि.	E.C.D.-३	१४	१	१	२	१२१३०४९
२६	श्रीसर्वेदय आ.वि.	E.C.D.-८	७२	६	२	८	५०३४६४२
२७	श्रीशिखर ज्योती प्रा.वि.	E.C.D.-५	३६	३	१	४	२६५२०५२
२८	श्रीसूर्येदय प्रा.वि.	E.C.D.-५	२२	२	१	३	१७५२५०४
२९	श्रीआदर्श प्रा.वि.	E.C.D.-५	१३	२	१	३	१६१५२३१

३०	श्रीअर्कुल प्रा.वि.	E.C.D.-५	५१	३	-	३	१९३४९७०
३१	श्रीवालज्योती प्रा.वि.	E.C.D.-५	६०	१	३	४	२३३१४६६
३२	श्रीवुद्धचण्डी प्रा.वि.	E.C.D.-३	०	-	१	१	४४८८२०
३३	श्रीवुद्धिकल्याण प्रा.वि.	E.C.D.-३	१८	१	१	२	१२५०१३५
३४	श्रीचन्द्रोदय मा.वि.	E.C.D.-१०	१०६	४	८	१२	६२६३८६९
३५	श्रीएकता प्रा.वि.	E.C.D.-३	६	-	१	१	४४८८२०
३६	श्रीगणेश प्रा.वि.	E.C.D.-३	२	१	-	१	५५३७७८
३७	श्रीजनजागृत्ती प्रा.वि.	E.C.D.-३	१९	१	२	३	१६८९४७९
३८	श्रीजनज्योती मा.वि.	E.C.D.-१२	१५३	१०	७	१७	१०८३५३०३
३९	श्रीजनकल्याण मा.वि.	E.C.D.-१२	११६	१२	५	१७	१०७४००९५
४०	श्रीपरोपकार आदर्श मा.वि.	E.C.D.-१२	३४६	१७	३	२०	१३४५६६८५
४१	श्री फिनाम प्रा.वि.	E.C.D.-३	१६	४	-	४	२५६०८२७
४२	श्री सामुदायिक	E.C.D.	३	-	-	०	२५४०००
४३	श्रीसीतादेवी प्रा.वि.	E.C.D.-३	२५	२	-	२	१४९१७९३
४४	श्रीश्रीनाथ प्रा.वि.	E.C.D.-५	२०	३	-	३	१५३११५४
४५	श्रीसूर्यज्योती प्रा.वि.	E.C.D.-५	९	२	१	३	१७९९६७५
४६	श्रीसत्यदेवी प्रा.वि.	E.C.D.-३	१९	-	१	१	८४८३८३
			४६३३	२२६	९४	३२०	१९६६७७५३४

४६ **सेनिटरी प्याड खरिद**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरूले छात्राहरूको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रूपले राख्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरूका लागिकोटेशन मार्फत मिति २०८१।२।८ मा लाइफ केयर स्यानिटरी एण्ड न्याप्किन उद्योग एण्ड सप्लायर्सबाटसेनिटरी प्याड खरिद गरी रु.९,४९,९८०।-भुक्तानी गरेको छ ।आर्थिक वर्षको अन्त्यमा विद्यालयहरूलाई सम्पूर्ण प्याडहरू हस्तान्तरण गरी पालिकामा मौज्दात बाँकी नरहेको विवरण पेस भएको छ । आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा अन्तमा खरिद गरेको पाइयो ।पालिकाले अनुदान मार्फत वितरण गरेको सेनिटरी प्याड विद्यालयहरूमा आम्दानी बाँधेको प्रमाण, वास्तविक लाभग्राही (कक्षा ६-१२ सम्मका छात्राहरू) ले पाए नपाएको सम्बन्धमा अनुगमन गरिनुपर्दछ ।

४७ **प्रोत्साहन भत्ता**

प्रदेश खर्च मापदण्ड, २०७९ को दफा १५(१) सम्बन्धित निकायको कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरे बापत तलब बाहेकको अन्य थप सुविधा एवं अतिरिक्त भत्ता लिन पाइने छैन ।साथै दफा १५(३) बमोजिम दैनिक काम बाहेक अनिवार्य रूपमा थप काम गर्नु पर्ने अवस्थामा थप कामको विवरण र कारण सहित अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिएर मात्र त्यस्तो काममा लगाउने र सो बापत तोकिएको सुविधा खर्च लेख्दा कार्यसम्पन्न भएको प्रगति विवरण समेत पेश गर्नुपर्ने व्यवस्था छ ।तर कानूनमा व्यवस्था भएको आधार र

प्रमाण पुष्टी नहुने गरि पालिकाको २०८१।३।१० देखि सुरु भएको गाँउसभामा जनप्रतिनिधि र उक्त सभाको तयारीको निम्ति अतिरिक्त समयमा खटिएका कर्मचारीहरूलाइ सुविधा बापत एकमुष्ट सभाका ४३ सदस्यहरूलाइ रु ४६७००० र गो भौ नं ६४१ २०८१।३।२४ बाट ६३ जना कर्मचारीहरूलाइ रु ६५२००० समेत रु १११९०००। प्रात्साहन भत्ता भुक्तानी गरेको छ । पालिका सभाले कार्यबिधि बनाइ आन्तरिक श्रोतबाट भ्याउने रकम मात्र उक्त कानुनको प्रकृया पुरा गरेर सूचकको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था गरेर मात्र यस प्रकारको रकम खर्च लेख्नुपर्ने देखिन्छ ।

४८ **विदेश भ्रमण** (६३६-२०८१-३-२४):

सिरानचोक गाउँपालिकाका अध्यक्ष ज्ञानेन्द्र गुरुङ २०८०।८।४ देखि १० गते सम्म इन्डोनेसियामा भएको कार्यक्रममा सहभागि भएको भनि भ्रमण खर्च बापत रु ११२२५२ बुझेको देखिन्छ । सो कार्यक्रममा आमन्त्रण गरेको पत्र नरहेको साथै वैदेशिक भ्रमणको लागि कानुन बमोजिम स्वीकृती समेत नलिइ विदेश भ्रमण गरेको र भ्रमण भत्ता बुझेको देखिन्छ ।यसरी कानूनी व्यवस्था प्रतिकुल हुने गरि गरिएको खर्च नियमित मान्न नसकिएको रु

अनियमित भएको	१,१२,२५२

४९ **दोहोरो सुविधा**

स्थानिय तहका जनप्रतिनिधिहरूले प्रदेश कानुन द्धारा तोकिएको सेवा सुविधा भुक्तानी लिन पाउने कानुनी प्रावधान रहेको छ । साथै बिद्यमान कानुनी व्यवस्था अनुसार कुनै सार्वजनिक पदमा बहाल रहेको जिम्मेवार व्यक्तिले एउटै समयमा दोहोरो सुविधा लिन पाउदैन । यस पालिकाका देहायका जनप्रतिनिधिले प्रदेश कानुनले तोकेको सेवा सुविधाको साथै बिगत वर्षहरूमा राष्ट्रसेवक कर्मचारी निबृत्त भएबापतको निबृत्तीभरण सुविधा समेत लिइरहेको व्यहोरा लेखापरीक्षणमा जनाइएकोले उक्त दोहोरो सुविधा मध्ये जुन घटी हुन्छ सो रकम निजहरूबाट असुल हुनुपर्दछ ।

क्र सं	पद	नामथर	वार्षिक सुविधा
१	वडा सदस्य(४ नं वडा)	परशु राम पोखरेल	१६७४१०
२	वडा सदस्य(५ नं वडा)	गोल बहादुर बराम	१६७४१२

असुल गर्नुपर्ने	३,३४,८२०

५० **स्वास्थ्य कर्मी प्रोस्ताहन भत्ता** (४४४-२०८१-२-२०):

प्रदेश खर्च मापदण्ड, २०७९ को दफा १५(१) सम्बन्धित निकायको कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरे बापत तलब बाहेकको अन्य थप सुविधा एवं अतिरिक्त भत्ता लिन पाइने छैन ।साथै दफा १५(३) बमोजिम दैनिक काम बाहेक अनिवार्य रूपमा थप काम गर्नु पर्ने अवस्थामा थप कामको विवरण र कारण सहित अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिएर मात्र त्यस्तो काममा लगाउने र सो बापत तोकिएको सुविधा खर्च लेख्दा कार्यसम्पन्न भएको प्रगति विवरण समेत पेश गर्नुपर्ने व्यवस्था छ ।तर कानूनमा व्यवस्था भएको आधार र प्रमाण पुष्टी नहुने गरि पालिकाको जौबारी प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मे सु डा सुलोचना न्यौपानेले कार्यालय समय बहायक स्वास्थ्य सेवा प्रदान गरेबापत १८० दिनको ५०० को दरले रु ९०००० प्रोत्साहन भत्ता बुझेको देखिन्छ । कार्यपालिकाको मिति २०८०।१०।२८ मा सो सम्बन्धमा निर्णय भएतापनि अतिरिक्त कार्य गरेको प्रमाण प्रतिवेदन र कार्यप्रगतिको विवरण प्राप्त नभएको हुदा नियमसंमत मान्न नसकिएको रु

अनियमित भएको	९०,०००

५१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

- स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा १९ योजना सञ्चालन गरी यस वर्ष ७८ जनालाई औसत ७२ दिनले ५५३६ दिन रोजगारी

उपलव्ध गराई रु ३९ लाख ९७ हजार श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५२ **संघीय र स्थानीय कार्यक्रममा दोहोरोपना**

संघीय सरकाले स्वास्थ्यतर्फको सशर्त कार्यक्रम अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको यातायात तथा प्रोत्साहनका लागि आर्थिक वर्ष २०८०।८१ मा प्रति महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई जनही रु.१२०००। का दरले यातायात भत्ता प्रदान गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत बजेट निकासा गरेकोमा पालिकाले समेत सोही कार्यक्रमको लागि भौ. नं. २११।२०८०।९।२० बाट प्रति स्वयंमसेविका वार्षिक रू.१८,०००।– कोदरले यातायात तथा प्रोत्साहन र रु १०० का दरले सञ्चार सुविधा समेत ६३ जनालाई रु.७६२०००।भत्ता भुक्तानी गरेको छ। स्थानीय तहले समेत सोही कार्यक्रमको लागि एउटै र एकै लक्ष्य बोकेका कार्यक्रममा बजेट विनियोजन नगरी संघीय सरकारले ल्याएका कार्यक्रमसँग नजुध्ने गरी समन्वयात्मक ढंगले कार्य अगाडि बढाउनुपर्ने देखिन्छ। आन्तरिक आम्दानी समेत कम रहेको पालिकाले दोहोरो पर्नेगरी खर्च गर्दा बढी व्ययभार परेको रकम अनियमित भएको रु.

अनियमित भएको	७,६२,०००

५३ **उपभोक्ता समिति तर्फ**

५३.१ उपभोक्ता समितिबाट गराएको कामः कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये देहाय बमोजिम २८६ वटा उपभोक्ता समितिहरूबाट रु.१०,७०,०१,३२७।- को कार्य गराएकोमा रु.१,३५,६६,४८७।- को कार्य लागत/ जनसहभागिताबाट गराइ बाँकी रु.९,३४,३४,८४०।- पालिकाबाट भुक्तानी भएको विवरण प्राप्त भएको छ ।

विवरण	उपभोक्ता समिति संख्या	लागत अनुमान	सम्झौता रकम	जम्मा भएको काम	कार्यालयबाट भुक्तानी	लागत/ जनसहभागिताबाट भएको
उपभोक्ता समितिबाट भएको काम	२८६	११४१२८०८४	११४१२८०८४	१०७००१३२७	९३४३४८४०	१३५६६४८७

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

(क) हस्तान्तरण र लगत अद्यावधिकः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र यस सिरानचोक गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७४ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्बन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था छन् । स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरू गराउदा उक्त कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुँदा कानुनको पूर्णरूपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

(ख) मुल्य अभिवृद्धि करः कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकिए बमोजिम तयार गर्नुपर्दछ । जस अनुसार उपभोक्ता समितिबाट गराउने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड र मुल्य अभिवृद्धि कर बाहेक परिमाण र दर विश्लेषणबाट निकालिएको लागत अनुमानमा मुल्य अभिवृद्धि कर लाग्ने निर्माण सामाग्रीको मात्र मुल्य अभिवृद्धि कर यकिन गरेर (VAT for VATABLE Items) उक्त निकालिएको लागत अनुमानमा थप गरेर हुने रकमलाइ कुल लागत अनुमान कायम गरिनु पर्ने र सोही बमोजिम कार्य गराइ उपभोक्ता समितिले निर्माण कार्य गर्दा लागत अनुमानमा उल्लेख भएको मुल्य अभिवृद्धि कर रकममा नबढ्नेगरी मुल्य अभिवृद्धि कर लाग्ने निर्माण सामाग्री खरिद गर्दा बिल बमोजिम तिरेको वास्तबिक मुल्य अभिवृद्धि कर रकम ठेक्का बिल र कार्य स्वीकार प्रतिवेदनमा समावेश गरेर भुक्तानी गर्नु गराउनु पर्नेमा सो बमोजिम नगरी लागत अनुमानको दर बिश्लेक्षण गर्दा नै मुल्य अभिवृद्धि कर रकम समेत समावेश गरी तयार गरेको र सोही बमोजिमको मुल्य अभिवृद्धि करको सबै रकम उपभोक्ता समितिलाइ भुक्तानी दिने गरेको देखियो । जसले गर्दा उपभोक्ता समितिले वास्तविक रूपमा तिरेको मुल्य अभिवृद्धि कर रकम भन्दा बढी रकम निजलाइ भुक्तानी हुन सक्ने अवस्था रहेको हुदा यस सम्बन्धमा यथार्थता यकिन गरिनु पर्ने देखिन्छ ।

(ग) भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरू मार्फत गरिएका कार्यहरूको भुक्तानी गर्दा केहीमा फोटाहरू संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्बन्धित वडा अध्यक्षहरूको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरू संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्बन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकांश सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरूपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसबाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरूबाट कार्यहरू भएको छ भनी आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

(घ) जनश्रमदान र लागत सहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता वा लाभग्राही समुहबाट गराउने कार्यमा न्युनतम १० प्रतिशत जनसहभागिता जुटाउनु पर्ने निर्णय गरेको जनाइएको छ । कार्यालयले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता बापतको रकम सम्बन्धित कार्यालयको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरू मध्ये धेरैजसो निर्माण कार्यमा १० प्रतिशत देखी १५ प्रतिशत सम्मको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको छ भने केही सिमित योजनामा १५ प्रतिशत भन्दा केही बढीसम्म उपभोक्ताबाट जनश्रमदानमा कार्य गराइएको देखियो। उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश वृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व वृद्धि गर्नुपर्दछ।

(ङ) सामुदायिक भवन निर्माण: पालिकाले योवर्ष विभिन्न वडाहरूमा सामुदायिक भवनहरू निर्माण गरेकोमा निजी जग्गा वा समूह/ संस्थाको नाममा रहेको जग्गामा बनाएको हो खुल्दैन । अधिकांश भवनहरू समूह/संस्थाको नाममा रहेको जग्गामा बनाइएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएता पनि सम्झौता साथ जग्गाको लालपुर्जा राख्ने गरेको नदेखिएबाट यकिन हुन सकेन । यसमा सुधार हुनु पर्दछ ।

(च) सार्वजनिक परीक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरू गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि सार्वजानिक सुनुवाई बिस्तृत रूपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरूमा खर्चको सार्वजनिकीकरण भनी माइन्युटमा लेखी

राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था विद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरू रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरू उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरू भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागि समेत फरक फरक उपभोक्ता समितिहरू गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्बन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्बन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

(छ) हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरू मध्ये अधिकांश कार्य मोटर बाटो ढलान गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, पिच गर्ने, खानेपानी टंकी निर्माण गर्ने, सिंचाइ योजना निर्माण,, भवनहरू निर्माण आदि कार्यसँग सम्बन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरूमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरू प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरूप कार्य गराउनुपर्दछ ।

भौ.नं.	मिति	उपभोक्ता समिति	निर्माण कम्पनी	बिल रकम	भ्याट	जम्मा
४०५	२०८१।३।२१	भिरकुना देउराली ठाडा सडक निर्माण उ स	सुएव कन्सट्रक्सन कन्सल्टेन्सी	५९६३००	७७६१९	६७३९१९
४०३	२०८१।३।२१	नयाँगाउँ व्यखर्क हुँदै पाउदुरखर्क जोड्ने मोटरबाटो	श्रीकृष्ण निर्माण सेवा	७९६०९७	१०३४९२	८९९५८९
४००	२०८१।३।२१	पराजुली गाउँ केउरेपानी गहतेरी सडक उ स	गोरखा सिरानचोक निर्माण सेवा	९२९२५	१२०८०	१०५००५
			जि एस बिल्डर्स	१८६९९	२३००	२०९९९
			इन्धन	६७५००	८७७५	७६२७५
३८०	२०८१।३।२०	वडा कार्यालय ठाँटी मोटरबाटो सडक मर्मत	छेपेटार कन्सट्रक्सन प्रा लि	२७५०००	३५७५०	३१०७५०
३७९	२०८१।३।२०	काप्रेदेखि उपल्लो गोहोरे वडा कार्यालय मो बा	सुएव कन्सट्रक्सन कन्सल्टेन्सी	१५२२५०	१९७९२	१७२०४२
२२०	२०८१।१।३०	रातमाटे घोडेडाँडा अर्चले कृषि सडक	खोप्लाङ कन्सट्रक्सन प्रा लि	४४२४७०	५७५२१	४९९९९१
जम्मा				२४४१२४१	३१७३२९	२७५८५७०

(ज) गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरूमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

५३.२ जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराएको:सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपनियम १० मा उपभोक्ता समितीसँग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी तथा दक्ष निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम स्वच्छ प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ ।यसको उदाहरण निम्न छ ।

गो.भौ. नं / मिति	उपभोक्ता समिति	कामको विवरण	भुक्तानी रु
३६७/०८१/३/१९	भिरसंह खा.पा.उ.स. वडा नं १ तल्ले भिर संह	एक इन्टेक निर्माण, २ वटा RVT टंकी निर्माण, मेनलाइनिङ्गको कार्य १६५० मिटर,GI crossing , घेरावार, डिस्ट्रिव्युसन लाइनिङ्गको कार्य आदि	३४७९९८८

५३.३ **उपभोक्ता समितिलाई बढी भुक्तानी :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम(४) उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिदा लागतअनुमानमा रहेको मूल्यअभिवृद्धि कर ओभरहेड कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरी भुक्तानी दिनुपर्ने प्रावधान छ।पालिकाले नियमानुसारका उपभोक्ता समितिलाई देहायबमोजिम निर्माण सामग्री खरिदको रकम भुक्तानी गर्दा निज समितिले उक्त सामग्री खरिद गर्दा विल विजक बमोजिम भुक्तानी गरेको मूल्य भन्दा बढी मुल्य लागतअनुमान र सम्झौतामा समावेश गरी सोही बमोजिम भुक्तानी गरेको देखियो ।यसप्रकार उपभोक्ता समितिलाई गरेको विल विजकको भुक्तानीका केही उदाहरणलाई अध्ययन गर्दा देहायबमोजिम वढी भुक्तानी हुन गएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु

गो.भौ. नं / मिति	उपभोक्ता समितिबाटभएको काम	जम्मा भुक्तानी	निर्माण सामग्री	खरिद मूल्य दर	भुक्तानी मूल्य दर	खपत परिमाण	वढी भुक्तानी रु
३६७/०८१/३/१९	भिरसंह खा.पा.उ.स. वडा नं १	३४७९९८८	क्रसर गिट्टी	१,०६१/९५	२,०००	३६.५ घ.मि.	३८६९०
३६७/०८१/३/१९	भिरसंह खा.पा.उ.स. वडा नं १	३४७९९८८	वास वालुवा	१,३२७/९५	२,०००	४३ घ.मि.	३३०६०
३७५/०८१/३/२०	भातेढुंगा पार्क तथा शौचालय निर्माण उ.स.	१४७९४६९	लोकल वालुवा गिट्टी	,१२००	२,०००	४९ घ.मि.	४४२९६
३७५/०८१/३/२०	भातेढुंगा पार्क तथा शौचालय निर्माण उ.स.	१४७९४६९	लोकल वालुवा गिट्टी	१,०००/-	२,०००	१४ घ.मि.	१५८२०
	जम्मा						१३१८६६

असुल गर्नुपर्ने	१,३१,८६६

५३.४ गण्डकी प्रदेश आर्थिक ऐनमा ढुंगा प्रतिघनफिट रु ९/- र सो मा लाग्ने मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आयकर तथा शुल्क रकम सम्बन्धित पालिकामा बुझाएर मात्र उत्खन्न सङ्कलन र प्रयोग गर्ने सक्ने प्रावधान रहेको छ ।दरौदी टापुखेल कुलो निर्माण उपभोक्ता

समितिले उक्त कुलो निर्माणको क्रममा १६८ थान अर्थात २३३८ व.मि. ग्याबियन वक्स २३८ घनमिटर ढुंगा/बोल्डर प्रयोग गरेर ग्याबियन वक्स भरेको जनाई गो.भौ नं २१५ मिति २०८१/१/२८ बाट रु ११,६३,९०३/- भुक्तानी लगेको छ ।यसरी उपभोक्ता समितिले ढुंगा/बोल्डर प्रयोग गर्दा पालिकामा उक्त कानुन अनुसार लाग्ने शुल्क रु ७५,६५६/- मूल्य अभिवृद्धि तथा १.५ प्रतिशत अग्रिम आयकर रु १०,९७०/- समेत रु ८६,६२६/- पालिकामा कर तथा शुल्क बुझाउनु पर्नेमा बुझाएको नदेखिएको उक्त रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने देखिएको रु

असुल गर्नुपर्ने	८६,६२६

५४ **तेश्रो पक्षबाट कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसँग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसँग सम्झौता गरि गराइएका कार्यहरू उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।यसको उदाहरण निम्न छ ।

गो.भौ. नं / मिति	कामको विवरण	समितिलाई भुक्तानी रु	काम गरेको तेश्रो पक्ष
४०६/०८१/३/२१	नयाँ गाउ व्यखर्क हुदै पादुर खर्क जोड्ने मोटर वाटो निर्माण उ.स.	८०९६४७	श्री कृष्ण निर्माण सेवाले CAT EXCAVATOR प्रयोग गरी कटिङ्गको कार्य गरी सबै रकम उपभोक्ता समिति मार्फत भुक्तानी लिएको ।

५५ **रोयल्टी**

गण्डकी प्रदेश आर्थिक ऐन, २०८० को व्यवस्था अनुसार ढुङ्गा गिट्टी बालुवाको उत्खनन् सङ्कलन र विक्रिमा प्रति घन फिट रु.९। का दरले शुल्क, संघीय मुल्य अभिबृद्धि कर ऐन बमोजिम १३ प्रतिशत मु अ कर र आयकर कर ऐन अनुसार १.५ प्रतिशत समेतले हुने रकम असुल गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाका केहि उपभोक्ता समितिले स्थानीयसँग ढुङ्गा, गिट्टी तथा बालुवा खरिद गरि निर्माण कार्य गरेको देखिन्छ । उत्खनन् सङ्कलन तथा बिक्रि वितरणको अनुमति नलिइ तथा पालिकालाई उक्त कानुन अनुसार बुझाउनु पर्ने शुल्क तथा कर समेत नबुझाइ खरिद भएको निम्नानुसारको परिमाणको ढुङ्गा, गिट्टी र बालुवाको कर बापतको रकम उपभोक्ता समिति मार्फत असुल गर्नुपर्ने रु.

गो भौ मिति	उपभोक्तासमितिको नाम	सामाग्री	परिमाण	इकाइ	पालिकामातिरेको राजस्व	तिर्नुपर्नेराजस्व	फरकराजस्व
४०० २०८१।३।२१	पराजुली गाँउ केउरेनी गहतेरी सडक निर्माण उ स	ग्राभेल	३०९	घ मि	१६८००	११२४८१	९५६८२
३११ २०८१।२।३०	ओख्रेनी सिम्ले सामूदायिक भवन संरक्षण	ढुङ्गा	४९	घ मि	०	१७८१४	१७८१४
२६१ २०८१।२।२०	आहाले खोला विसमुरे ड्रुम्रे सिचाँइ वडा ५ उ स	ढुङ्गा	३०	घ मि	०	१०८७०	१०८७०
२४४ २०८१।२।८	कैचलपानीसडक स्तरउन्नती उ स	ढुङ्गा	६७	घ मि	०	२४३५९	२४३५९
२२७ २०८१।१।३१	गरगैबाटोढलान वडा नं 6	ढुङ्गा	३८	घ मि	०	१३८१५	१३८१५
२२६ २०८१।१।३१	अम्बोटेफँट सिचाँइ सालबोट	ढुङ्गा	२५	घ मि	०	९०८९	९०८९
२०३ २०८१।१।२४	घ्याम्पेदेविमन्दिर घेराबार निर्माण	ढुङ्गा	५१	घ मि	०	१८५४२	१८५४२
१३९ २०८०।१२।२५	ढकालटार मोवा गाखु उ स	ढुङ्गा	७०	घ मि	०	२५४४९	२५४४९
११६ २०८०।१२।२४	रंगशालाजौबारी सडक कटिङ उस	ढुङ्गा	५२	घ मि	०	१८९०५	१८९०५
३५ २०८०।१०।२४	नयाँसाघुतल्लो बजार अधुरो ढलान बाटो निर्माण	ढुङ्गा	५६	घ मि	०	२०३५९	२०३५९
९८ २०८०।११।२३	पखेरा देखिचिहान डाँडासम्म गोरेटो बाटो	ढुङ्गा	४३	घ मि	०	१५६३३	१५६३३
जम्मा							**२७०५१८**
						असुल गर्नुपर्ने	२,७०,५१७

५६ **उपभोक्ता समितिको कार्यमा भेरिएसन**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ उपदफा (१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको पररस्थिति सम्झौता कार्यान्वयन क्रममा श्रृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिए बमोजिम भेरिएसन आदेश जारी गर्नपर्ने उपदफा (२) मा उपदफा (१) को खण्ड (ङ) बमोजिमको भेरिएसन आदेश सो निकायको सर्वोच्च कार्यकारी निकायले विशेषज्ञहरूको समुह मार्फत जाँचबुझ गराई जारी गर्न सक्ने उल्लेख छ । भातेढुंगा पार्क तथा शौचालय निर्माण कार्यको लागि उपभोक्ता समितिसँग रु २८,०४,९७०/- रकमको सम्झौता २०८०/१०/२२ मा गरी कार्य शुरु गरेकोमा उपभोक्ता समितिले सम्झौता अंकको करिव ६१ प्रतिशत अर्थात रु १७,१०,३६९/- को मात्र कार्य गरी उक्त कार्यलाई कार्यसम्पन्न भएको जनाई पालिकाले गो.भौ नं ३७३ मिति २०८१/३/२० बाट रु १४,७९,४६९/- उपभोक्ता समितिलाई भुक्तानी दिएको छ। उपभोक्ता समितिले यसप्रकार करिव ३९ प्रतिशत घटी कार्य गरेकोमा सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको पररस्थिति सम्झौता कार्यान्वयनको क्रममा श्रृजना भएको सम्बन्धमा कुनै स्पष्ट कारण उल्लेख गरेको छैन ।साथै गाउपालिकाको कार्यपालिकाले समेत घटी काम गरी सम्पन्न गर्नु पर्नाका कारण सहित भेरिएसन आदेश जारी गर्नुपर्नेमा सो समेत गरेको पाइएन । यसप्रकार उपभोक्ता समितिले गरेको कार्यलाई कानुनसम्मत भएको भन्न मिल्ने देखिएन ।

५७ **उपभोक्ता /लाभग्राही समुह मार्फत वस्तु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७३ उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा २ मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा गर्न नहुने र नियमावलीको नियम ८ मा खरिद योजनार खरिदको प्याकेज सम्बन्धी व्यवस्था रहेको छ।नियम २(ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मत संभार गर्नको लागि आफुहरू मध्येबाट गठन गरेको समीति सम्झनु पर्ने तथा नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अनुसार उपभोक्ता समितिबाट श्रममुलक निर्माण कार्य मात्र गराउन सक्ने देखिन्छ । पालिकाले उक्त ऐन र नियमावली विपरित उपभोक्ता समिति वा लाभग्राही समुहको माध्यमबाट देहायका सामाग्री सोझै खरिद गरी रु.२९९०८५३। भुक्तानी दिएको उदाहरण छन् ।ऐन र नियमावली अनुसार बस्तु तथा सामाग्रीको आवश्यक्ता विश्लेषण गरी खरिदको योजना र प्याकेज बनाएर बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराइ आपुर्ति गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी सम्बन्धित लाभग्राही समुहबाट सोझै खरिद गरेबाट खरिद कार्यमा पार्दर्शिता र स्वच्छ प्रतिस्पर्धा हुन पाएन ।यसबाट कार्यालयलाई थप आर्थिक दायित्व परेन भन्ने अवस्था देखिन नआएकोले अनियमित भएको रु

गो.भौ. नं / मिति	उपभोक्ता समिति	भुक्तानी रु	खरिदको विवरण	वस्तु खरिदको मूल्य
३६७/०८१/३/१९	भिरसंह खा.पा.उ.स. वडा नं १ तल्ले भिर संह	३४,७९,९८८	पाइप लगायत	२२५१११०
२१५/०८१/१/२८	दरौदी टापुखेल कुलो निर्माण उ.स.	११,६३,९०३	ग्याबियन बक्स	७३९७४३
	जम्मा			२९९०८५३

अनियमित भएको	२९,९०,८५३

५८ उपभोक्ता समितिको कार्यमा म्याद थप

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ र नियमावली ,२०६४ को नियमा१२० मा सम्बन्धित निर्माण व्यवसायी, आपुर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले काबुबाहिरको परिस्थिति श्रृजना भएमा, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मानसिक कारणबाट सम्झौताको अवधि नबढाई नहुने भएमा कानुनमा तोकेको प्रकिया पुरा गरी ठेक्का सम्झौताको म्याद थप गर्न सकिने प्रावधान रहेका छन् ।तर उपभोक्ता समितिसँग गरेको सम्झौतामा सम्झौताको म्याद थप गर्न सकिने कानुनी प्रावधान रहेका पाइदैन ।साथै पालिकाले उपभोक्ता समितिसँग गरेका सम्झौतामाहरूमा समेत निर्माण सम्झौताको म्याद थप गर्न सकिने प्रावधानहरू राखेको पाइएन ।पालिकाले उपभोक्ता समितिसँग सम्झौतामा गरी निर्माण कार्य गराउदा उपरोक्त कानुन तथा सम्झौता विपरित हुने गरी कतिपय उपभोक्ता समितिहरूको सम्झौता अवधि थप गर्ने गरेको देखियो ।यसरी म्याद थप गर्दा उक्त कानुनले तोकेअनुसार काबु बाहिरको परिस्थिति श्रृजना हुन गएको देखिदैन साथै सार्वजनिक निकायले उपल्ध गराउनु पर्ने कुरा उपल्ध नगराएको वा अन्य मनासिव कारण समेत उल्लेख गरेको पाइएन । यसप्रकार उपभोक्ता समितिबाट गराएको कार्यहरू कार्यहरूमा गरेको म्याद थपको कार्यलाई कानुन बमोजिम भएको भन्न मिल्ने देखिदैन ।यसका केही उदाहरण निम्नानुसार छन्।

गो.भौ. नं / मिति	उपभोक्ता समिति	सम्झौता मिति	शुरु अवधि	म्याद थप अवधि	भुक्तानी रकम
३६७/०८१/३/१९	भिरसंह खा.पा.उ.स. वडा नं १	२०८०/९/०४	२०८१/२/३१	२०८१/३/१७	३४७९९८८
४०६/०८१/३/२१	नयाँ गाउ व्यखर्क हुदै पादुर खर्क जोड्ने मोटर वाटो निर्माण उ.स.	२०८१/२/०७	२०८१/२/३१	२०८१/३/१६	८०९६४७
४०६/०८१/३/२१	भातेढुंगा पार्क तथा शौचालय निर्माण उ.स.	२०८०/१०/२२	२०८१/२/३१	२०८१/३/१७	१४७९४६९
३८४ २०८१।३।२०	तल्लो गोहोरे खानेपानी निर्माण उ स	२०८१।१।४		२०८१।२।३०	१२६७०२६।

५९ न्यून विजकिकरण

सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्नानुसार काममा सिमेन्ट, गिट्टी तथा ग्याविन तार जिल्ला दररेट को आधारमा दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ । तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा सिमेन्ट, गिट्टी तथा ग्याविन खरिदको बिल पेश गरी निम्नानुसारको कार्यमा विलमा भएको रकम भन्दा बढी रकम भ्याट सहित बढी भुक्तानि भएको छ । जिल्ला दररेटको आधारमा रकम भुक्तानी हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

भौचर नं	उपभोक्ता समिति	रकम
१०७ २०८०।१२।४	सोडारी बारी पैह्रो नियन्त्रण आयोजना	२५०८०
१०८ २०८०।१२।४	बुद्धमिलन बुहउद्देश्यीय प्रशिक्षण भवन	२४०००
१४४ २०८०।१२।१५	अजिजिया मदरसा भवन मर्मत उ स	२६६००
१७१ २०८१।१।९	ढाँट खेत कुलो निर्माण वडा नं ४	३०९३०
१७९ २०८१।१।१२	पिचरोड स्वास्थ्य चौकी गैरीगाउँ सडक	२५३२४
२२६ २०८१।१।३१	अम्बोटे फाँट सिँचाई साल्बोट	२४२१६
२२७ २०८१।१।३१	गरेगैबाटो ढलान वडा नं ६	१६७२०
२४४ २०८१।२।८	कैचलपानी सडक स्तरोन्नति	४४५३०
२५९ २०८१।२।२०	कृष्णमन्दिर निर्माण फोदार गाउँ	३१४७१
२६१ २०८१।२।२०	आहालेखोला बिसमुरे डुम्रे सिँचाई वडा नं छ	३२८८३
२८७ २०८१।२।२७	केरावारी स्वास्थ्य चौकी देखि शहिद चौतारा सम्म सडक स्तरउन्नती	४०६३९
३० २०८०।१०।२४	चित्रेगाउँ भित्रको गोरेटो बाटो	३११८८
३०६ २०८१।२।२९	बगाले थापा कुल संरक्षण वडा नं ३	३०१७१
३०९ २०८१।२।३०	खडक देवि मन्दिर पार्क निर्माण तल्लो पाम उ स	२२५१०
३३७ २०८१।३।६	खहरे ढाड बेसी नियन्त्रण वडा नं ७	४८०००
३५ २०८०।१०।२४	नयाँसाँगु तल्लो बजार अधुरो ढलान बाटो निर्माण	४९४००
३७८ २०८१।३।२०	एतिहासिक गाग्रेडाँडा पार्क निर्माण	१४८४०
३८४ २०८१।३।२०	तल्लो गोहरे खा पा निर्माण उ स	२२८००
३८५ २०८१।३।२०	बासपुर सामुदायिक भवन उ स	१९०००
३९९ २०८१।३।२१	भुसेखोला पुल निर्माण उ स	४२२३२
४० २०८०।१०।२६	सातकन्यादेवी मन्दिर जाने बाटो निर्माण	३३२८५
४०२ २०८१।३।२१	चम्पावती मा वि शौचालय निर्माण उ स	१६७२०
७४ २०८०।११।१८	आत्मज्ञानकेन्द्र भवन कुनाबगर	२१२८०
जम्मा		६७३८१९

(विस्तृत विवरण बेरुजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	६,७३,८१९

६० कामामा ढिलाई

उपभोक्ता समितिले करार सम्झौतामा तोकिएको कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ ।यस पालिकाको वडा नं ७ सारङ्गी खोला चिण्डे स्थित झोलुङ्गे पुल निर्माणको लागि उपभोक्ता समितिसँग रु २४,२९,७६७/- को निर्माण सम्झौता मिति २०८०/२/२८ मा भई कार्यसम्पन्न गर्ने अवधि २०८१/३/३१ सम्म तोकिएको छ ।यो आ.व. २०८०/८१ सम्म मा उपभोक्ता समितिले जम्मा रु १९,७१,०८१/- बराबरको काम गरी गो.भौ नं ३० र ४११ मिति २०८१/३/२२ बाट रु ६५४८८/- समेत भुक्तानी भएको छ । सम्झौताको अवधि समाप्त भैसकेको अवस्थामा उक्त निर्माण कार्य सम्पन्न भएको नदेखिएको यथाशिघ्र सम्पन्न गर्नुपर्छ ।

६१ **कार्य स्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ र १२५ बमोजिम सार्वजनिक निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्छ ।यस पालिकाको केरावारी भुतेखोला स्थित ६१ मि. लामो स्थित झोलुङ्गे पुल निर्माण गर्न उपभोक्ता समितिसँग रु २०,८८,०२२/- को निर्माण सम्झौता मिति २०८०/२/२८ मा भएकोमा निजले उक्त तोकिएको कार्य र गैर सरकारी संस्थाले दिएको सेवा समेत सम्पुर्ण कार्यको एकमुष्ठ रूपमा कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्नेमा कार्यालयले उपरोक्त बमोजिम उपभोक्ता समितिले गरेको कार्यको मात्र कार्य स्वीकार प्रतिवेदन तयार पाइए बाट उक्त झोलुङ्गे पुल निर्माण कार्यको समग्र अवस्था यकिन हुन सकेन ।यसमा सुधार हुनुपर्दछ ।

६२ **नर्म्सभन्दा बढी प्रशिक्षण भत्ता** (६५० -२०८१-३-२४):

प्रदेश खर्चको मापदण्ड २०७९ मा तालिम केन्द्र बाहेकको तालिम सञ्चालन गर्दा अधिकृत स्तरको तालिम कार्यक्रममा कक्षासञ्चालन बापत रु ८०० पाउने व्यवस्था रहेको छ । यस पालिकाले सञ्चालन गरेको २ दिने लैङ्गिक हिंसा वालविवाह बहुविवाह दाइजो प्रथा र न्यायीक समितिको क्षेत्राधिकार सम्बन्धि समूदाय र प्रहरी सँग सचेतनामुलक कार्यक्रम, सामाजिक रुपान्तरणका लागि सचेतनामुलक कार्यक्रम,कानूनमा भएको व्यवस्था भन्दा बढी पारिश्रमिक भुक्तानी गरेको देखिन्छ । सो बढी भुक्तानी रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु ३९२००

प्रशिक्षकको नाम	सेसन	कार्यपत्र र कक्षा सञ्चालन बापतको भुक्तानी		बढी भुक्तानी
		हुनुपर्ने	भएको	
रमेश कुमार श्रेष्ठ	२०	१६०००	३००००	१४०००
प्रेम प्रकाश चन्द	२४	१९२००	३६०००	१६८००
दोर्णाचार्य तिमिल्सिना	४	३२००	६०००	२८००
सुरेन्द्र नेपाल	८	६४००	१२००	५६००
जम्मा				३९२००

असुल गर्नुपर्ने	३९,२००

६३ **नर्म्सभन्दा बढी प्रशिक्षण भत्ता** (७१ -२०८०-१०-२६):

नेपाल सरकार कार्य सञ्चालन निर्देशिका २०७७ मा तालिम केन्द्र बाहेकको तालिम सञ्चालन गर्दा अधिकृत स्तरको तालिम कार्यक्रममा कक्षासञ्चालन बापत रु ४०० र कार्यपत्र प्रस्तुत बापत रु १००० प्रति कार्यपत्र सहित कुल रु १४०० पाउने व्यवस्था रहेको छ । यस पालिकाले सञ्चालन गरेको २ दिने आलु खेति विस्तार रोग किराहरूको पहिचान नियन्त्रण कार्यक्रममा कानूनमा भएको व्यवस्था भन्दा बढी पारिश्रमिक भुक्तानी गरेको देखिन्छ । सो बढी भुक्तानी रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु

प्रशिक्षकको नाम	सेसन	कार्यपत्र र कक्षा सञ्चालन बापतको भुक्तानी		बढी भुक्तानी
		हुनुपर्ने	भएको	
राजन लम्साल	८	११२००	२००००	८८००
बासु पौडेल	८	११२००	२००००	८८००
जम्मा				१७६००

असुल गर्नुपर्ने	१७,६००

६४ **प्रमाण पेश**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयबाट यस आर्थिक वर्ष देहायबमोजिको भौचरबाट भुक्तानी भएकोमा खर्चको पुष्ट्याई हुने आवश्यक काजगात पेश नभएकाले खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु

भौचर नं।मिति	**खर्चको विवरण**	**पेश गर्नुपर्ने विवरण**	**भुक्तानी रकम**
६४९ २०८१।३।२४	नयाँ साघु प्रहरी चौकी लाइ सिसि क्यामरा कम्प्युटर तथा फोटोकपि मेसिन रु ९९४९६ को वितरण गरी ग्लोवल कम्प्यूटर एण्ड इलेक्ट्रोनिक्स सेन्टर लाइ भुक्तानि गरेकोमा सो चौकीले सामान प्राप्त गरेको प्रमाण देखिदैन ।	खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने	९९४९६
५२३ २०८१।३।१४	पालिकाका ४३ जना पदाधिकारी को जीवन विमा गर्ने क्रममा विमा कम्पनी द्धारा विजक जारि गरेको देखिदैन । नेपाल लाइफ इन्सुरेन्स क ली सँग गरिएको विमा बापतको रकमको विल विजक जारी हुनुपर्ने	खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने	४३००००
४१६ २०८१।२।२	गर्भवतिहरूलाई निःशुल्क क्याल्सियम चक्की वितरण गर्नकालागि उमार मेडिसेल्स बाट खरिद गरिएको calcigen F २१००० चक्की वितरण गरेको प्रमाण पेश नभएको	खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने	९९५४०
	जम्मा		६२९०३६

प्रमाण पेश नगरेको	६,२९,०३६

६५ **आन्तरिक लेखापरीक्षण तर्फ**

६५.१ आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका देहायका व्यहोरा औल्याए बमोजिम असुल फछ्र्योट हुनुपर्दछ ।

६५.२ सैदान्तिक व्यहोरा

क) सार्जवनिक खरिद नियमावली, २०६४ को नियम १११ र ११५ अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालमान तथा निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यावस्था रहेको छ । गाउँपालकाको स्वास्थ्य शाखाद्वारा स्वास्थ्य संस्थाहरूको सोलार मर्मत बापत सौर्य उर्जा मेटल होम्स प्रा लि बाट लागत अनुमान तथा मर्मत आदेश विना सामाग्री खरिद बापत रू.६,९६,८९९.२५ र सोलार इन्भटर ममर्मत जडान बापत रू.९७,०१०।- खर्च बापत भुक्तानी भएकोमा लागत अनुमान तथा मर्मत आदेश पेश नभएकोले पेश गर्नुपर्ने साथै खरिद गरिएको समानहरू सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमको भए नभएको निरीक्षण वा परीक्षण गरी प्रतिवेदन पेश नभएको पेश गर्नुपर्दछ ।

ख) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७को दफा ४१ मा लघुउद्यमीहरूलाइ प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको शिफारिशको आधारमा अनुसूची १३ बमोजिम उद्यमीसँग सम्झौता गरी प्रविधि उपलब्ध गराउनुपर्ने र उपदफा २ मा उद्यमीलाई उद्योगको प्रकृति आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराइनेछ तथा उपलब्ध गराइने प्रविधिको कुल लागतको कम्तीमा बीस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्ने व्यावस्था रहेको छ । लघुउद्यम सहजकर्ता युवराज कार्कीले सिरानचोक १ कोजेमा गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण शीर्षकबाट रू.८०,०८०।- बराबरको गोलभेडा काक्रो र २/२ प्याकेट २८ जनालाई तथा सिगापा १ कोजेमा काउलीको विउ तथा वडा नं. ८ मा ठोटनेरीमा सुन्तलाकको विरुवा तरकारीको विउ वितरण भएकोमा अनुसुची-१३ बमोजिम सम्झौता नगरी भरपाइ गरी वितरण गरेको छ । निर्देशिक बमोजिम कुल लागतको बीस प्रतिशत उद्यमीले व्यहोर्नुपर्नेमा निःशुल्क रूपमा वितरण गरेको नियमसम्मत नभएको साथै सोही कार्यविधिको दफा २ (ण) मा प्रविधि हस्तान्तरण भन्नाले व्यवसाय सञ्चालन विस्तार तथा स्तरोन्ति गर्नको लागि आवश्यक पर्ने उपकरण वा मेसिन उपलब्ध गराउने कार्य हो भनी स्पष्ट परिभाषित गरेको छ तर प्राविधि हस्तान्तरण गर्दा वडा नं. १ कोजेमा तरकारीको बीउ तथा वडा नं. ८ मा ठोटनेरीमा सुन्तलाकको विरुवा वितरण गरेको छ । कार्यक्रम सञ्चालन गर्दा ऐन नियम कार्यविधिको पालना गरी कार्यक्रमको उद्देश्य पुराहुने गरी गर्नुपर्ने देखिन्छ।

ग) कार्यालयले खर्चशिर्षक संचार महशुल, ईन्धन, विविध कार्यालय समान लगाएतका खर्चहरूको भुक्तानी गर्दा सोझे EFT मार्फत भुक्तानी गर्नुपर्नेमा सो नगरी सोधभर्ना भुक्तानी दिएकोले प्रचलित नियमको पालना गर्न EFT मार्फत भुक्तानी गर्नुपर्ने देखिन्छ ।

घ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ दफा ३१, र नियमावली २०७७ नियम ८१ बमोजिम सबै सरकारी निकायले तपार गर्नु पर्ने उल्लेख रहेको । आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको ।

ङ) सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२० मा सम्झौताको अवधि थप गर्न सकिने अवस्था र प्रकृयाको व्यवस्था छ । कविन्द्र नव सिर्जनशील जे.भी. को १५ शय्या अस्पताल निर्माणको सम्झौताको म्याद २०७८।१९।०८ देखि २०८०।०५।०८ सम्म रहेकोमा मिति २०८०।०६।०२ मा मात्र आएर २०८१।०१।३१ सम्म म्याद थप भएको पाइयो । कार्यसम्पादन जमानत पनि २०८०।०६।०४ मा जारी भएको पाइयो । म्याद थप गर्दा निर्माण व्यवसायीले म्याद समाप्त हुनुभन्दा २१ दिन पहिला निवेदन दिई कार्यसम्पादन जमानत र बीमाको समेत म्याद थप गर्नुपर्नेमा समयमा नै सो कार्य नगरेकाले नियमसम्मत देखिएन।

६६ **प्रमाण पेश नभएको**

समानीकरण, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) को व्यवस्था बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्दछ । कृषि शाखाद्वारा मिति २०८०/०८/२८ देखि २०८०/०९/०६ सम्म वडा नं १ देखि वडा नं. ८ सम्म कृषि सजाल गठन तथा सञ्चालन कार्यक्रममा सहभागी भए बापत ६ जना कर्मचारीलाई भ्रमण भत्ता रू.३९,६००।- तथा ३९ जनालाई यातायात खर्च बापत रू.७,८००।- भुक्तानी भएको छ । उक्त कार्यक्रममा उपरोक्त कर्मचारी तथा व्यक्तिहरू सहभागी भएको प्रमाण विना भुक्तानी भएको नियमसम्मत नभएकोले सहभागी भएको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	४७,४००

६७ **प्रमाण पेश नभएको**

क)आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) कोव्यवस्था बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्दछ। पशुपंक्षी पालक कृषकहरूका लागि सिपमुलक तालिम शीर्षकबाट व्यावसायिक कृषकहरूका लागि बाख्रापालन सम्बन्धी ३ दिने तालिम सञ्चालन खर्च बापत निम्न बमोजिम भुक्तानी भएकोमा ३ दिन कार्यक्रम सञ्चालन भएको तथा प्रशिक्षार्थी उपस्थित भएको प्रमाण (हाजिरी) पेश नभएकोले प्रशिक्षक प्रशिक्षार्थी हाजिरी तथा कार्यक्रम सञ्चालन भएको पुष्टी हुने कागज तथा कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

बापत	विवरण	रकम
खाजा	९० जना	१८०००
प्रशिक्षक	१२ सेसन	१८०००
प्रशिक्षार्थी आतेजाते		५८९००

ख)भौ.नं. ३१९समानीकरण,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) को व्यवस्था बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्दछ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता प्रतियोगितामा भुक्तानी रकम भन्दा रू.३६५०।- कम विल पेश भएकोले रू.३६५०।- बराबरको विल पेश गर्नुपर्नेरू.३६५०

ग)भौ.नं. २३४ पुँजिगत सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफकेशनको अधिनमा रही तयार गर्नुपर्ने र सोही नियमावलीको नियम ११५ सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौताम उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । औजार उपकरण खरिद स्वास्थ्य तर्फ शीर्षकबाट आयास सर्जिकल प्रा. लि.बाट रु.८,४९,६६६।- र मेडिहेल्थ सर्जिकल प्रा. लि.बाट रु.९७,६२९।- को सामग्री खरिद गरेकोमा बिना स्पेशिफिकेशन लागत अनुमान तयार पारी खरिद गरेको र मेशिनरीसमानको तोकिय बमोजिमको प्राविधिक स्पेशिफिकेशन र गुणस्तरको मालसमान उपलब्ध भए नभएको सम्बन्धमा जाँचपास गरी प्रतिवेदन पेश नभएकोले प्रतिवेदन पेश गर्नुपर्ने साथै खरिद गरिएका सामाग्री हरू पालिकाको जिन्सी खातामा दाखिला नगरी स्वास्थ्य शाखामा दाखिला गरेकोले मुल जिन्सी खातामा दाखिला गरी दाखिला प्रतिवेदन पेश गर्नुपर्ने रू.९४७२९५

घ)भौ.नं. ४४३ समानीकरण,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न आवश्यक विल भरपाइ तथा संलग्न कागज अनुसार भुक्तानी दिन रित पुगेको वा नपुगेको जाँच गरी दिनुपर्ने व्यवस्था रहेको छ । स्वास्थ्य संस्थाहरूमा गइ गर्भवतीहरूका लागि निशुल्क भिडियो एक्सरे तथा क्यालियम चक्की वितरण कार्यक्रममा गाडी भाडा बापत प्रतिदिन रू.५,५००।- को दरले ३ दिनकोरू.१६,५००।- भुक्तानी भएकोमा विल भरपाइ तथा गाडी प्रयोग भएको प्रमाण पेश नभएकोले पेश गर्नुपर्नेरू.१६५००

ङ) सिरानचोक गाउँपालिका शिक्षा समितिवाट निर्णय गरी विद्यालय शैक्षिक अनुदान देबापत निम्नलिखित विद्यालयहरूलाय शैक्षिक अनुदान वितरणगरिएकोमा विल भरपाइ पेश नभएको र शिक्षा शाखाबाट कुन प्रयोजनका लागि अनुदानको दिइएकोहो सोही कामको लागि अनुदानको रकम उपयोग गरे नगरेको अनुगमन गरी प्रतिवेदन पेश नभएकोले पालिकाबाट प्राप्त अनुदान रकम बराबरको खर्चको बिल भरपाइ पेश गर्नुपर्ने रू.५६००००

क्र.सं.	विद्यालयको नाम	रकम
१	आहल भञ्ज्याङ मावि	५००००
२	महेन्द्र ज्योती प्रावि	९००००
३	वाललहरी प्रावि	50000
४	अर्कुल आधारभुत विद्यालय	८००००
५	चित्रेपोखरी मा वि	५००००
६	नेपाने मावि	50000
७	नामरुक देवि आ वि	50000
८	वालज्योति आवि	६००००
९	सत्यदेव प्रावि	८००००
	जम्मा	५६००००

च) भौ.नं. ५७०समानीकरण, गाउँपालिका कार्यालय स्वास्थ्य संस्थाहरू साथै पालिका अन्तर्गतका वडा कार्यलयहरूमानियमित दैनिक पिउनेपानी शुद्धीकरण गर्न निम्न बमोजिमका Water Filter खरिद गरिएक ोमालागत अनुमान तयार नगरेको, कार्यलयको मुल जिन्सी खाता दाखिला नगरी शाखामा दाखिला गरेको, प्रविधिक स्पेशिफिकेशन बमोजिम खरिद गरेको नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश नभएको, २२ वटा filter खरिद गरिएकोमा ६ वटास्वास्थ्य चौकी तथा वडा नं. २ गरी ७ वटामा जडान गरिएको जानकारी स्वास्थ्य शाखा प्रमुख तथा वडाबाट पेश भएकोमाखरिद गरिएका सामानहरू तोकिएको बमोजिम भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गरेर कार्यालयको मुल जिन्सी खातामा दाखिला गरी प्रतिवेदन पेश गर्नुपर्नेसाथै बाँकी रहेका १५ वटा filter जडान गरी जडान भएको प्रमाण पेश गर्नुपर्ने रू.५१००००

सामान	संख्या	रकम
Water Filter 12 lit (ro+uv+uf+tds controller	20	440000
Water Filter 12 lit (ro+uv+uf+tds controller+alkaline+copper	2	70000

छ)**मूल्य अभिवृद्धी कर कट्टीः**मूल्य अभिवृद्धि कर नियमावली, २०५३ नियम ६ (ग) ठेक्का सम्झौता वा करार अन्तर्गत आपुर्ति हुने बस्तु वा सेवा बापतको रकम सम्बन्धित ठेकदार वा आपुर्तिकर्तालाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शीर्षकमा जम्मा गरीदिनु पर्ने व्यवस्था ।पालिकाले नेपाल सेरामिक्स इन्टरप्राइजेजलाईरू.९,९७,७९०।- भुक्तानी हुँदा मूल्य अभिवृद्धि कर १३% को ३०% ले हुन आउने रु.४४,३३७।- कट्टी गरी कार्यालयले सोझै राजश्व खातामा दाखिला गर्नुपर्नेमा कट्टी नगरेकोले मूल्य समायोजन पत्र र कर चुक्ता गरेको प्रमाण पेश गर्नुपर्ने रू.४४३३७

प्रमाण पेश नगरेको	१६,७२,६८२

६८ **असुल गर्नुपर्ने**

भौ.नं. ५७५ समानीकरण, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न आवश्यक विल भरपाइ तथा संलग्न कागज अनुसार भुक्तानी दिन रित पुगेको वा नपुगेको जाँच गरी दिनुपर्ने व्यवस्था रहेको छ । संचार खर्च बापत कमलकान्त शर्मालाई रू.३०,०००।- भुक्तानी भएकोमा रू.२५,०००।- को विल पेश भएकोले नपुग रू.५०००।– निजबाट असुल गर्नुपर्ने रू.५०००।

बढी भुक्तानीः भौ.नं. ११८ समानीकरण, गाउँपालिकाको र सामाजिक परिचालक श्री नानुमाया ढकालबीच भएको करार सझौतामा मासिक रू.११,०००।- पारिश्रमिक पाउने गरी करार सझौता भएको छ। सम्झौता बमोजिमको दरमा २०८० साल साउन भाद्र तलव र

चाडपर्व खर्च गरी रू.३३,०००।- मा करकट्टी गरी भुक्तानी हुनुपर्नेमा रू.४४,०००।- मा करकट्टी गरी रू.४३,५६०।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१०८९० असुल गर्नुपर्ने रू.१०८९०

साना सिँचाइः प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को दफा ५ (ग)मा निजी एवं व्यावसायिक प्रयोजनका कृर्षि पूर्वाधारहरू (निजी कृर्षि पूर्वाधार) को हकमा अधिकतम ५० प्रतिशत अनुदान रकम सीमा तोकेको छ । पालिकाले साना सिचाइ कार्यक्रम अन्तर्गत सिरानचोक गाउँपालिका वडा नं १ मा अवस्थित गंगा प्रसाद गुरुङ्गको शिलादेवी नर्शरी फर्मलाइ प्राविधिक कार्यस्वीकार प्रतिवेदन अनुसार जम्मा रू.३,५६,९५९।- बराबरको काम भएकोमा जसको ५०% ले हुन आउने रकम रु.१,७८,४७९.५० भुक्तानी हुनुपर्नेमा रू.२,८५,६०८।- भुक्तानी भएकोले कार्यविधिले तोकेको अनुदान सीमा भन्दा वढी रू.१,०७,१२८।५० रकम भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.१०७१२८

दोहोरो भत्ताः राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत सिरानचोक गा.पा. -२ थुम्की र मड्किना बाख्रापालन कार्यक्रम अन्तर्गत अनुगमन भ्रमणमा १५ कि. मी भित्रको भ्रमण खर्च र अनुगमन गर्दा कानुनले तोकिएको कर्मचारी/पदाधिकारीले मात्र अनुगमन गर्नुपर्ने व्यवस्थाको पालन समेत नभएकाले अनुगमन खर्च बापतको रु.७३,०००।- र ले.अ. निरमाया पुरीले बैठकमा उपस्थिति नभएको साथै भत्ता समेत बुझेको नदेखिएको रु.३५००।- गरी जम्मा रु.७६,५००।- अधिकृत छैठौ सारदा ढकालको नाममा भुक्तानी भएको असुल गर्नुपर्ने रू.७६५००

निर्माण व्यवसायी कोषः कविन्द्र नव सिर्जनशील जे.भी. को १५ शय्या अस्पताल निर्माणमा सातौं रनिङ बिलबाट भ्याट बाहेक रु.१,४२,४८,३९१ भुक्तानी हुँदा रु.१४,२४८।-, आठौ रनिङ बिलबाट भ्याट बाहेक रु.१,३३,३९,६८७।- भुक्तानी हुँदा रु.१३,३३९।-, नवौं रनिङ बिलबाट भ्याट बाहेक रु.२,२३,९३,८४८।- भुक्तानी हुँदा रु.२२,३९३।-, दशौं रनिङ बिलबाट भ्याट बाहेक रु.३१,५२,७१०।- भुक्तानी हुँदा रु.३,१५२।- र एघारौं तथा अन्तिम बिलबाट भ्याट बाहेक रु.८४,६७,६७५।- भुक्तानी हुँदा रु.८,४६७।- गरी जम्मा रु.६१,५९९।- निर्माण व्यवसायी कोष कट्टा नगरी भुक्तानी भएकाले सम्बन्धित निर्माण व्ययवसायीबाट असुल गरी दाखिला गर्नुपर्ने रू.६१५९९

असुल गर्नुपर्ने	२,६१,११७

६९ **नन्फाइलरः** भौचर नम्बर ४५१समानीकरण, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्रसम्बन्धित आन्तरिक राजश्व कार्यलयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ढुङ्गा गिटी बालुवा उत्खनन लागि आई इ इ बापत युनिक डिजाइन एण्ड डेभलभेन्ट इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.रू.५५,२२४।- भुक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर बापत २०८०।T।२ देखि ननफाइलर देखिएको हुँदा कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	५५,२२४

७० **नियमित गर्नुपर्ने**

क)राष्ट्रपति रनिङ्ग शिल्डः२७६ समानीकरण, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितलाई अनुशासित मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्न नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय वाट राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका जारी गरेको छ । उक्त निर्देशिकामा जिल्ला स्तरीय रनिङ शिल्ड प्रतियोगितामा दर्ता शुल्क बापत रकम लिन पाउने व्यवस्था रहेको देखिदैन । जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा जिल्ला खेलकुद विकास समितिले दर्ता शुल्क बापत रू.१८,०००।- भुक्तानी भएको नियमसम्मत नभएको तथा स्थायी लेखा नं लिइ कारोबार तथा व्यावसाय गर्ने फर्म तथा संस्थाले तोकिएको ढाँचामा विजक जारी गर्नुपर्ने हुन्छ।जिल्ला खेलकुद समितिले विजक जारी नगरी भरपाइपेश भएको सोही आधारमा भुक्तानी भएको नियमसम्मत नभएको रू.१८०००

·ख)**निःशुल्क पाठ्यपुस्तकः** कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ मा विद्यालयले माग गरेको विद्यार्थी संख्या सहित रकमलाई EMIS मा प्रविष्ठ तथ्याङ्कसँग विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यपान गराइ सत्यपान विवरण शिक्षा अधिकृतवाट प्रमाणित गराइ सो अधारमा कक्षागत र विषयगत पाठ्यपुस्तक यकिन गरी निकास दिनुपर्ने व्यवस्था रहेको छ । विद्यालयले विल भरपाइको अधारमा

भुक्तानी लिएको देखिन्छ । विद्यालयले अद्यावधिक गरेको EMIS को विवरण अनुसार विद्यार्थी संख्या भन्दा निम्नबमोजिमको बढी भुक्तानी भएकोले यथार्थ विवरण प्रविष्ट गरी अद्यावधिक गर्नुपर्ने रू.१७८७३९

क्र.सं.	विद्यालयको नाम	IEMIS को आधारमा हुनुपर्ने निकासा	जम्मा निकासा	वढी निकासा
१	आहल भञ्यनङ	४६६८७	५०४७०	३७८३
२	अर्कुल प्रा वि	२३६९२	२४९८९	१२९७
३	वाल ज्योती	२४५४३	२५२१३	६७०
४	वाल लहरी	१२७७५	१५१५८	२३८३
५	भद्रशिला	११३८	१६७८	५४०
६	चम्पादेवी	८८२३२	१००९५६	१२७२४
७	चन्द्रोदय	७०६१९	८२३६८	११७४९
८	धर्मवती	८९९००	१००९५४	११०५४
९	हिमाली	३५१४६	३९४४८	४३०२
१०	जन ज्योती आव	७१७८	७७९५	६१७
११	जन कल्याण मावि	३१०५६	३२८७७	१८२१
१२	जनज्योती मावि	६९१९७	७७५१२	८३१६
१३	झिम्रेक महिपते	११२३०१	११५८७१	३५७०
१४	महेन्दलिला	५४५५२	६७३६४	१२८१२
१५	मण्डली मा वि	१३९२२३	१६०२५७	२१०३५
१६	नेपाने मा वि	२०४१०९	२१७१०८	१२९९९
१७	परोपकार मा वि	७२३७५	८३४५३	११०७८
१८	सर्वोदय प्रावि	२०८२७६	२३४७७३	२६४९७
१९	शिखर ज्योती	४११३६	४७४३९	६३०३
२०	संसारी	१९३२०	२०५९७	१२७८
२१	महेन्द्र	१७२४९६	१८५९७९	१३४८३
२२	सुर्योदय प्रा	५२१	१०९५०	१०४२९
	जम्मा	१५२४४७०	१७०३२०९	१७८७३९

ग)भ्रमण भत्ताःभौ.नं. ५१४समानीकरण सिरानचोक गाउँपालिका र ग्लोवल पिस फाउन्डेसनबीचको साझेदारीमासंचालित पाठ्यक्रम प्राविधिकरण तालिममा गाउँपालिका र संस्था विच भएको सम्झौता बमोजिम ग्लोवल पिस फाउण्डेसन नेपाल मार्फत सहजकर्ता पहिचान गरी संस्थाको नियमअनुसार सहजकर्ताको खर्च संस्थाले व्यहोर्ने उल्लेख छ । पालिकाले निम्न बमोजिमका सहजकर्ताहरूको लागि उपलब्ध गराएको भ्रमण भत्ता बापतको रकम सम्झौता विपरीत भुक्तानी गरेको नियमसम्मत नभएको रू.६००००

सि.नं.	सहजकर्ताको नाम	रकम
१	त्रिविक्रम पाण्डे	१६८००
२	डा वावुराम ढुङ्गना	१३६००
३	किसोर आचार्य	१६८००
४	कृष्ण उप्रेति	१२८००
	जम्मा	६००००

घ)सार्वजनिक सामुदायिक साना सिचाईमा बढीमा ८५ प्रतिशत र व्यक्तिगत साना सिचाइमा स्क्रीमको लागि वढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । कृषक मागको आधारमा प्राविधिकबाट उपयुक्त सिचाइ स्कीमको स्पेशिफिकेशन र लागत अनुमान तयार गरी लाभग्राहीसँग सम्झौता गरी सञ्चालन गर्न सकिनेछ । कुलो निर्माण तथा मर्मतको लागि प्रति आयोजना बढीमा रू.७५,०००।- अनुदान उपलब्ध गराउन सकिनेछ । पालिकाले कृषकहरूबाट कार्यक्रम प्रस्ताव माग गरी वडा समितिले निम्न बमोजिमका आयोजनाहरू छनौट गरी कार्यविधिले तोकेको सीमा भन्दा वढी अनुदान वितरण भएको नियमसम्मत नभएको रू.१६७४५०९

क्र.सं.	**आयोजनाको नाम**	**भुक्तानी रकम**
१	शिलादेवि नर्सरी फर्म	२८५६०८
२	वुतेकुखोला कुलो मर्मत	१९२६३८
३	अलैचिखोला सिचाइ मर्मत	३१३७७५
४	सिम्पानिखोला देखी विरौटा सम्म सिचाइ	१९७४०८
५	घोप्टे सिचाइ मर्मत	१९८४९०
६	सिमखेत ढोडवेशी सिचाइ	४८६५९०
	जम्मा	१६७४५०९

ङ)उपभोक्ता समितिबाट आलुखेतीः१७४ सशर्त विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को दफा ८(२)विशेष अनुदान बापतको रकम उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना/कार्यक्रमा खर्च गर्न पाइने छैन भन्ने व्यवस्था रहेको छ । पालिकामा आव २०८०।८१ मा आलु खेति विस्तार तथा व्यावसायीकरण आयोजनामा संघीय सरकारबाट विशेष अनुदान प्राप्त गरेकोमा निम्न बमोजिमका आयोजनाहरू उपभोक्ता समितिबाट सञ्चालन भएको नियमसम्मत नभएको रू.७७४२९१

क्र.सं.	**उपभोक्ता समितिको नाम**	**रकम**
१	टारीखेत सारङ्गे कुलो मर्मत उ स	१८०२७१
२	वासपुर टार कुलो मर्मत योजना उस	१९८३५२
३	तेर्सेफाट कृषक समुह कुलो निर्माण उ स	१९८८०६
४	महार सानोटार हिउदे सिचाइ उ स	१९६८६२
	जम्मा	**७७४२९१**

अनियमित भएको	२७,०५,५३९

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सिरानचोक गाउँपालिका, गोरखा , सिरानचोक गाउँपालिका , गोरखा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	प्रकास घिमिरे	२०८०-६-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	निर माया पुरी गिरी	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,३३८,८४७	१७,७८८,०९७	४,९८०,७५७	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२५,१०७,७०१
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२५,१०७,७०१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२३५११३८१०.३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४४२९१३६२५	चालु खर्च	४३८७७५७४१.७
प्रदेश सरकारबाट अनुदान	२१३५६७७०	पूँजीगत खर्च	१८३५९२५३४
राजश्व बाँडफाँट	८१६६५७३९.७८	वित्तीय/अन्य व्यवस्था	२९९२६६२५५.०१
आन्तरिक आय	७०३३७०४.८३		
अन्य आय	२६३५१५५४८		
कुल आय	८१६४८५३८७.६१	कुल खर्च	९२१६३४५३०.७१
बाँकी मौज्दात		१२९९६४६६७.२	

बेरूजु दफा ५९ सँग सम्बन्धित विवरण - अनुसूची - ३

भौचर नं	उपभोक्ता समिति	सामग्री	परिमाण	इकाई	खरिद मुल्य	भुक्तानी दर	फरक दर	फरक रकम	बढी भुक्तानी रकम
२६१ २०८१।२। २०	आहालेखोला बिसमुरे डुम्रे सिँचाई वडा नं छ	गिट्टी	१५	घ मि	१३११	२२६०	९४९	१४२३८	३२८८३
		वालुवा	३०	घ मि	१६३९	२२६०	६२२	१८६४५	
२५९ २०८१।२। २०	कृष्णमन्दिर निर्माण फोदार गाउँ	गिट्टी	११	घ मि	१२४३	२२६०	१०१७	१०६७९	३१४७१
		वालुवा	२३	घ मि	१३५६	२२६०	९०४	२०७९२	
२४४ २०८१।२। ८	कैचलपानी सडक स्तरोन्नति	वालुवा	३६	घ मि	१५००	२२६०	७६०	२७३६०	४४५३०
		गिट्टी	१७	घ मि	१२५०	२२६०	१०१०	१७१७०	
२२७ २०८१।१। ३१	गरेगैबाटो ढलान वडा नं ६	वालुवा	१५	घ मि	१५००	२२६०	७६०	११४००	१६७२०
		गिट्टी	७	घ मि	१५००	२२६०	७६०	५३२०	
२२६ २०८१।१। ३१	अम्बोटे फाँट सिँचाई साल्बोट	गिट्टी	१७	घ मि	१३११	२२६०	९४९	१६१३६	२४२१६
		वालुवा	१३	घ मि	१६३९	२२६०	६२२	८०८०	
१७९ २०८१।१। १२	पिचरोड स्वास्थ्य चौकी गैरीगाउँ सडक	वालुवा	२७	घ मि	१६३९	२२६०	६२२	१६७८१	२५३२४
		गिट्टी	९	घ मि	१३११	२२६०	९४९	८५४३	
१७१ २०८१।१। ९	ढाँट खेत कुलो निर्माण वडा नं ४	वालुवा	१४	घ मि	१५००	२२६०	७६०	१०२६०	३०९३०
		गिट्टी	२०	घ मि	१२००	२२६०	१०६०	२०६७०	
१४४ २०८०। १२।१५	अजिजिया मदरसा भवन मर्मत उ स	वालुवा	१९	घ मि	१५००	२२६०	७६०	१४४४०	२६६००
		गिट्टी	१६	घ मि	१५००	२२६०	७६०	१२१६०	
१०८ २०८०। १२।४	बुद्धमिलन बुहउद्देश्यीय प्रशिक्षण भवन	वालुवा	२६	घ मि	१५००	२२६०	७६०	१९७६०	२४०००
		गिट्टी	४	घ मि	१२००	२२६०	१०६०	४२४०	
१०७ २०८०। १२।४	सोडारी बारी पैह्रो नियन्त्रण आयोजना	वालुवा	३०	घ मि	१५००	२२६०	७६०	२२८००	२५०८०
		गिट्टी	३	घ मि	१५००	२२६०	७६०	२२८०	
७४ २०८०। ११।१८	आत्मज्ञानकेन्द्र भवन कुनाबगर	वालुवा	१३	घ मि	१५००	२२६०	७६०	९८८०	२१२८०
		गिट्टी	१५	घ मि	१५००	२२६०	७६०	११४००	

४० २०८०।१०।२६	सातकन्यादेवी मन्दिर जाने बाटो निर्माण	वालुवा	२२	घ मि	१५५०	२२६०	७१०	१५२६५	३३२८५
		गिट्टी	१७	घ मि	१२००	२२६०	१०६०	१८०२०	
३५ २०८०।१०।२४	नयाँसाँगु तल्लो बजार अधुरो ढलान बाटो निर्माण	वालुवा	२५	घ मि	१५००	२२६०	७६०	१९०००	४९४००
		गिट्टी	४०	घ मि	१५००	२२६०	७६०	३०४००	
३० २०८०।१०।२४	चित्रेगाउँ भित्रको गोरेटो बाटो	वालुवा	१२	घ मि	१४६९	२२६०	७९१	९४९२	३११८८
		गिट्टी	२४	घ मि	१३५६	२२६०	९०४	२१६९६	
३९९ २०८१।३।२१	भुसेखोला पुल निर्माण उ स	वालुवा	१४	घ मि	१५००	२२६०	७६०	१०६४०	४२२३२
		गिट्टी	१४	घ मि	१५००	२२६०	७६०	१०६४०	
		ढुङ्गा	२४	घ मि	१५००	२३७३	८७३	२०९५२	
४०२ २०८१।३।२१	चम्पावती मा वि शौचालय निर्माण उ स	बालुवा	१४	घ मि	१५००	२२६०	७६०	१०६४०	१६७२०
		गिट्टी	८	घ मि	१५००	२२६०	७६०	६०८०	
३८५ २०८१।३।२०	बासपुर सामुदायिक भवन उ स	वालुवा	१०	घ मि	१५००	२२६०	७६०	७६००	१९०००
		गिट्टी	१५	घ मि	१५००	२२६०	७६०	११४००	
३८४ २०८१।३।२०	तल्लो गोहरे खा पा निर्माण उ स	गिट्टी	१५	घ मि	१५००	२२६०	७६०	११४००	२२८००
		वालुवा	१५	घ मि	१५००	२२६०	७६०	११४००	
३७८ २०८१।३।२०	एतिहासिक गाग्रेडाँडा पार्क निर्माण	गिट्टी	१४	घ मि	१२००	२२६०	१०६०	१४८४०	१४८४०
३३७ २०८१।३।६	खहरे ढाड बेसी नियन्त्रण वडा नं ७	ढुङ्गा	१६०	घ मि	१५००	१८००	३००	४८०००	४८०००
३०९ २०८१।२।३०	खडक देवि मन्दिर पार्क निर्माण तल्लो पाम उ स	वालुवा	२४	घ मि	१६३९	२२६०	६२२	१४९१६	२२५१०
		गिट्टी	८	घ मि	१३११	२२६०	९४९	७५९४	
३०६ २०८१।२।२९	बगाले थापा कुल संरक्षण वडा नं ३	गिट्टी	११	घ मि	१२४३	२२६०	१०१७	११९८७	३०१७१
		वालुवा	२१	घ मि	१३५६	२२६०	९०४	१८९८४	
२८७ २०८१।२।	केरावारी स्वास्थ्य चौकी देखि शहिद चौतारा सम्म	गिट्टी	२६	घ मि	१३११	२२६०	९४९	२४६७९	४०६३९

२७	सडक स्तरउन्नती	वालुवा	२१	घ मि	१५००	२२६०	७६०	१५९६०	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।